ehetaudasandesh.com
हेटौंडा
राष्ट्रिय दैनिक
सन्देश
प्रदेश 'क' वर्ग
Hetauda Sandesh Daily
वर्ष: २५ ॥ अंक: ३१९ ॥ आइतबार २७ बैशाख २०८३ ॥ अष्टमी ॥ ने.सं. ११४६ ॥ बछलागा ॥ Sunday 10 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्य: रु.३/-

सुकुमवासीको कथा 'आँखा' ले जित्यो अमेरिकामा अवार्ड

सन्देश संवाददाता

काठमाडौं/जौन योञ्जन द्वारा निर्देशित फिल्म 'आँखा' ले अमेरिकामा आयोजना भएको वर्ल्डफेस्ट ह्युस्टन इन्टरनेसनल फिल्म फेस्टिभलमा दुई प्रतिष्ठित 'रेमी अवार्ड' जितेको छ।

आयोजकले इमेलमार्फत् फिल्मले दुई विधामा अवार्ड जितेको आधिकारिक जानकारी गराएको हो। फिल्मले 'विदेशी फिचर' विधामा उत्कृष्ट हुँदै 'प्लेटिनम रेमी अवार्ड' र 'निर्देशन-क्राफ्ट' विधामा 'गोल्ड अवार्ड' जितेको छ।

सन् १९६१ मा स्थापना भएको यो फेस्टिभल विश्वकै सबैभन्दा पुरानो स्वतन्त्र चलचित्र महोत्सवमध्ये एक मानिन्छ।

स्टिभन स्पिलबर्ग, जर्ज लुकास, डेभिड लिन्च र आङ ली जस्ता दिग्गज हलिउड निर्देशकले पनि आफ्नो करियरको सुरुवातमा यही महोत्सवबाट रेमी अवार्ड प्राप्त गरेका थिए। यसअघि यस फिल्मले ६२ औं संस्करणको एसिया प्यासिफिक फिल्म फेस्टिभलमा 'उत्कृष्ट चलचित्र'को उपाधि जितेको थियो।

जनतालाई घरबारविहीन बनाउने विपक्षमा साम्पाङ

सन्देश संवाददाता

हेटौंडा/श्रम संस्कृति पार्टीका केन्द्रीय अध्यक्ष एवम् सुनसरी क्षेत्र नम्बर-१ का प्रतिनिधिसभा सदस्य हर्कराज राई (साम्पाङ) ले जनतालाई घरबारविहीन नबनाउने पक्षमा सदैव आफू रहेको बताएका छन्।

नेपालमा सदिऔंदेखि हुँदै आएको अव्यवस्थित बसोबासी, सुकुम्बासीको समस्यालाई समाधान गर्नुपर्छ भन्ने पक्षमा आफू सधैं लागेको उनले स्पष्ट पारेका हुन्।

शनिवार चितवन जाने क्रममा हेटौंडामा आइपुगेका अध्यक्ष साम्पाङले हेटौंडा-११ स्थित थानाभञ्ज्याङका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी सामुदायसँगको छलफलमा सुकुम्बासी र अव्यवस्थितरुपमा बसोबास गर्दै आएका मानिसका समस्याहरुलाई हल गर्ने, उनीहरुलाई विस्थापित गर्नु नहुने र घर भत्काएर जनतालाई लखेट्ने कार्यतर्फ लाग्न नहुने स्पष्ट धारणा राखे।

प्रतिनिधिसभा सदस्य निर्वाचित भएपछि आफूले संसद भवनमा बसेको पहिलो बैठकमा यी मुद्दालाई मुख्य एजेण्डा बनाएर आवाज उठाएको उनले बताए। सरकारले गरेका कामहरुको आफूले मूल्यांकन गर्दै खराब तथा नकारात्मक कामहरुलाई विशेषरुपमा उठाएर खबरदारी गर्ने कामबाट कहिले आफू पछि नपरेको उनको दावी थियो। सरकारले काम गरेको सन्दर्भमा राम्रो तथा खराब कामहरुलाई खबरदारी गर्दै आएको र उक्त कार्यमा आफू सधैं अग्रस्थानमा उभिई रहेको स्पष्ट पार्दै उनले अन्य प्रतिनिधि कोही जनताको पक्षमा नभए पनि आफू जनताको पक्षमा रहनबाट पछि नपर्ने र नथाक्नेसमेत विश्वास दिलाए।

सबै मानिसको बाँच्न पाउने मौलिक भएको बताउँदै उनले भने- सबै जनताले बाँच्न पाउनुपर्छ। किनकि, यो मौलिक हक हो संविधानले दिएको। घर बनाएर बस्न पाउनुपर्ने सबै जनताको अधिकारभित्र पर्छ। त्यस घरलाई राज्यले हाल आएर आतंक फैलाउने हिसाबले नभत्काउने पक्षमा हामी उभिएका छौं।

मेचीदेखि महाकालीसम्म सबै जनताहरु एकजुट भएर सरकारले जनताको घर भत्काएर घरबारविहीन बनाउन गरेको निरङ्कुश कदमविरुद्ध आवाज उठाउनुपर्ने उनको भनाई थियो। उक्त कार्यका लागि सबै जनताको साथमा आफू सदैव रहने उनको प्रतिबद्धता छ।

चित्लाङ एफसीलाई आठौं बागमती गोल्डकपको उपाधि

सन्देश संवाददाता

हेटौंडा/चित्लाङ एफसी, काठमाडौंले आठौं राष्ट्रिय बागमती गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ। शनिवार सहिद स्मृति रंगशाला भुरभुरे खेल मैदानमा भएको फाइनलमा सलाहीको बागमती युथ क्लबलाई ४-० गोलअन्तरले हराउँदै चित्लाङले उपाधि हात पारेको हो।

चित्लाङका लागि एरोन थापाले खेलको दोस्रो मिनेटमा, विदेशी खेलाडी सोलोमन किडले १७ औं र ४८ औं मिनेटमा गोल गरे। अर्को एक गोल समीर तामाङले खेलको ७७ औं मिनेटमा गरे। समीर प्लेयर अफ दि म्याच घोषित भए। विजेता चित्लाङले १० लाख रुपैयाँ प्राप्त गरेको छ भने उपविजेता बागमतीले ५ लाख रुपैयाँ प्राप्त गरेको छ। विजेता र उपविजेतालाई बागमती प्रदेश सभा सदस्य प्रेम बहादुर पुलामी, बागमती गाउँ पालिकाका अध्यक्ष सकेंश घलान र प्रतियोगिताका संयोजक रहरसिं थिङ लगायतले पुरस्कार प्रदान गरे।

उपाधि विजेता चित्लाङ एफसीले पहिलो खेलमा एपीएफलाई हराउँदै क्वाटरफाइनल, मछिन्द्रलाई हराउँदै सेमीफाइनल र नवजन जागृति युवा क्लब सिमरालाई पराजित गर्दै फाइनल खेलको यात्रा तय गरेको थियो। उपविजेता बागमती युवा क्लबले भने पहिलो खेलमा आयोजक बागमती खेलकुद विकास समितिलाई हराउँदै क्वाटर फाइनल, चर्च ब्वाइज युनाइटेडलाई हराउँदै सेमीफाइनल र फ्रेन्डस क्लब काठमाडौंलाई हराउँदै फाइनल प्रवेश गरेको थियो।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी चित्लाङ एफसीका लक्ष्मण थापा घोषित भए। उनले १ लाख १ हजार रुपैयाँ प्राप्त गरे। यस्तै उत्कृष्ट गोलरक्षक चित्लाङका प्रिसो, उत्कृष्ट डिफेन्डर बागमतीका आयुष मगर, उत्कृष्ट मिडफिल्डर बागमतीकै अनिष महर्जन, उत्कृष्ट फरवार्ड चित्लाङका एरोन थापा र उत्कृष्ट प्रशिक्षक सुमन श्रेष्ठ घोषित भए। विधागत उत्कृष्ट सबैले जनही २५-२५ हजार रुपैयाँ प्राप्त गरे। बागमती गाउँपालिका मकवानपुरको प्रायोजनमा बागमती खेलकुद विकास समितिले प्रतियोगिता आयोजना गरेको हो।

वैदिक संस्कृत गुरुकुलको भवन उद्घाटन

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा-१८, हनामाडीस्थित वैदिक संस्कृत गुरुकुलमका लागि निर्माण गरिएको नयाँ तीन कोठे पक्की भवन उद्घाटन गरिएको छ। हेटौंडा उपमहानगर पालिकाको ८ लाख रुपैयाँ तथा वडा नम्बर-१८ को २० लाख रुपैयाँ लागत सहयोगमा निर्माण गरिएको भवन एक कार्यक्रमबीच उद्घाटन गरिएको हो।

वैदिक वानप्रस्थ आश्रम अन्तर्गत सञ्चालित गुरुकुलमा हाल कक्षा ६ देखि ८ सम्मका विद्यार्थीले अध्ययन गर्दै आईरहेका छन्। २०८१ सालदेखि कक्षा ६ बाट सुरु गरिएको गुरुकुलमा अहिले ३० जना विद्यार्थी अध्ययनरत रहेको गुरुकुल व्यवस्थापनले जनाएको छ।

गुरुकुलमा भर्ना हुन कक्षा ५ उत्तीर्ण गरेको हुनुपर्ने व्यवस्था रहेको छ। गुरुकुलले निःशुल्क शिक्षा प्रदान गर्दै आएको छ। सञ्चालनका लागि स्वेच्छिक दान, चन्दा तथा स्थानीय सहयोगमा निर्भर रहँदै आएको गुरुकुलका शिक्षकहरूको तलब व्यवस्थापन भने हेटौंडा-१८ वडा कार्यालयले गर्दै आएको कार्यालयले जनाइएको छ।

हेटौंडा उपमहानगर पालिकाकी नगरप्रमुख मीनाकुमारी लामा प्रमुख अतिथि र वडाअध्यक्ष अनिलकुमार वानियाँ विशिष्ट अतिथिका रूपमा उपस्थित थिए। कार्यक्रम विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष सीता विष्टको सभाध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा वैदिक वानप्रस्थ आश्रमका पदाधिकारी, स्थानीय जनप्रतिनिधि, सामुदायिक वनका प्रतिनिधि तथा विभिन्न सामाजिक व्यक्तित्वहरूको सहभागिता थियो। गुरुकुल व्यवस्थापनका अनुसार आगामी दिनमा पञ्चतत्व पार्क, गौशाला, जडीबुटी उद्यान, फलफूल उद्यान तथा प्राकृतिक चिकित्सालय निर्माण गर्ने दीर्घकालीन योजनाहरु अघि बढाइएको छ।

कानून दिवसको अवसरमा

'कानूनको शासन र कल्याणकारी राज्य'

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा कानून दिवसको अवसरमा 'कानूनको शासन र कल्याणकारी राज्य' विषयक अन्तरक्रिया कार्यक्रम भएको छ। स्नातक तहमा कानून विषयको अध्ययन गराउन सुरु गरेको हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसको आयोजनामा शनिवार बिहान अन्तरक्रिया भएको हो।

कार्यक्रममा सहभागीले विधिको शासन स्थापित हुनुपर्नेमा जोड दिए। राज्य बोलिको भरमा नभई कानूनको भरमा चल्नुपर्ने सहभागीहरुको भनाइ थियो। कार्यक्रममा वरिष्ठ अधिवक्ता ईश्वर राज ढकालले कार्यपत्र प्रस्तुत गरेका थिए। क्याम्पस सञ्चालक समितिका अध्यक्ष आनन्दराम पराजुलीको सभाध्यक्षतामा भएको अन्तर-क्रियामा बागमती विश्वविद्यालयका रजिष्ट्रार कुशुमराज सुवेदीको प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रममा क्याम्पस प्रमुख देवचन्द्र मानन्धर, वरिष्ठ अधिवक्ता केशवप्रसाद कापले, अधिवक्ता मुकुन्द अधिकारी लगायतको आतिथ्य थियो। हेटौंडा क्याम्पसमा स्नातक तह प्रथम वर्षमा कानून विषय अध्ययनरत विद्यार्थी पनि अन्तरक्रियामा सहभागी थिए।

ट्रायम्फ मोटर साइकलको शोरूम सञ्चालन

सन्देश संवाददाता

हेटौंडा/ट्रायम्फ मोटर साइकल्सको आधिकारिक शोरुम 'मोटो हब प्रा.लि' हेटौंडामा सञ्चालनमा आएको छ। कम्पनीले शनिवार पत्रकार सम्मेलन गर्दै वैशाख २७ गतेदेखि हेटौंडामा ट्रायम्फ मोटरसाइकलको बिक्री तथा सेवा औपचारिकरूपमा सुरु भएको जानकारी दिएको हो।

कम्पनीका प्रतिनिधि रवि कँडेल शर्माले ४०० सिसी क्षमताको ट्रायम्फ मोटरसाइकल धेरैले सोचेजस्तो अत्यधिक महँगो नभएको बताएका छन्।

उनले समान क्षमताका अन्य मोटरसाइकलसँग तुलना गर्दा ट्रायम्फले दिने राइडिङ अनुभव, माइलेज, प्रविधि, सुरक्षात्मक सुविधा तथा दीर्घकालीन मर्मत खर्चका आधारमा यो अझ किफायती र उपयोगी हुने दावी गरे। उनका अनुसार ट्रायम्फ मोटरसाइकल आधुनिक प्रविधि, प्रिमियम डिजाइन, आरामदायी यात्रा र शक्तिशाली प्रदर्शनका कारण विश्वभर लोकप्रिय ब्राण्डका रूपमा स्थापित छ।

हेटौंडामा सञ्चालनमा आएको नयाँ शोरुममार्फत् मोटर साइकल बिक्रीसँगै सर्भिसिङ, स्पेयर पार्टस तथा ग्राहक सहायता सेवा पनि उपलब्ध गराइने भएको छ। सन् १९०२ मा बेलायतबाट सुरु भएको ट्रायम्फ विश्वकै पुराना तथा प्रतिष्ठित मोटरसाइकल ब्राण्डहरु मध्ये एक मानिन्छ।

पछिल्लो समय नेपालमा मध्यम तथा प्रिमियम सेग्मेन्टका मोटरसाइकलप्रति युवापुस्ताको आकर्षण बढ्दो क्रममा देखिन्छ।

विशेषगरी ट्रायम्फको 'स्पिड ४००' र 'स्क्र्याम्बलर ४००' एक्स' मोडल नेपाली बजारमा चर्चित बन्दै गएका छन्। कम्पनीका अनुसार हेटौंडा तथा आसपासका ग्राहकलाई अब मोटरसाइकल खरिद वा सर्भिसिङका लागि काठमाडौं जानुपर्ने बाध्यता कम हुनेछ।

महिलालाई अदुवाको बीउ वितरण

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा-१ स्थित घ्यानसिङटारका एकल, विपन्न तथा सीमान्तकृत महिलाहरूलाई कपुर कोट जातको अदुवाको बीउ वितरण गरिएको छ।

शनिवार मानव अधिकारका लागि महिला एकल महिला समूहको आयोजना तथा हेटौंडा उपमहानगर पालिका-१ नम्बर वडाको आर्थिक सहयोगमा १० परिवारलाई बीउ वितरण गरिएको हो।

समूहकी अध्यक्ष शारदा चौलागाईको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा हेटौंडा उपमहानगर पालिका-१ का वडा अध्यक्ष सविन न्यौपाने प्रमुख अतिथिका रूपमा उपस्थित भएका थिए।

कार्यक्रममा वडा सदस्यहरू इश्वरी रसाइली, रामकृष्ण अधिकारी, सोनाम सिंह लामा, कार्यसमिति लगायत स्थानीयवासीको सहभागिता थियो। कार्यक्रममा बोल्दै अध्यक्ष चौलागाईले अघिल्लो वर्ष अदुवा खेतीबाट राम्रो आम्दानी भएपछि यस वर्ष पनि कार्यक्रमलाई निरन्तरता दिइएको बताइन्।

वडा अध्यक्ष न्यौपानेले महिलाहरूलाई जीविकोपार्जनमा सहयोग पुऱ्याउने तथा आयस्रोत वृद्धि गर्ने उद्देश्यले बीउ वितरण गरिएको जानकारी दिए।

कार्यक्रममा प्राविधिक अमित साउतले कपुरकोट जातको अदुवा नेपालको माटोका लागि अति उपयुक्त र अनुसन्धानबाट उत्कृष्ट साबित भएको बताए।

उनले किसानहरूलाई अदुवा रोप्ने तरिका, कम पानी र मलमै राम्रो उत्पादन लिन सकिने विशेषता तथा एउटै बीउ सात वर्षसम्म प्रयोग गर्न सकिनेबारे जानकारी दिएका थिए।

गण्डकी समाजको अध्यक्षमा राउत

सन्देश संवाददाता

हेटौंडा/गण्डकी समाज, मकवानपुरको अध्यक्षमा महेन्द्र राउत निर्वाचित भएका छन्। समाजको शनिवार हेटौंडामा भएको चौथो साधारण तथा दोस्रो अधिवेसनले राउतको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो।

निर्वाचनबाट समाजको उपाध्यक्षमा डा. गोपीराम बञ्जारा, हरिमाया ढकाल, राम थापा, महासचिवमा प्रेमनाथ अधिकारी, सचिवमा सरस्वती तिमिल्सिना, कोषाध्यक्षमा रामनाथ बगाले र सहसचिवमा सुशील सुवेदी निर्विरोध निर्वाचित भएको निर्वाचन समितिका संयोजक अधिवक्ता केशवप्रसाद गौतमले जानकारी दिए।

यस्तै समाजको अधिवेशन बाट सदस्यहरुमा शिव शर्मा पोखेल, लेखनाथ अधिकारी, निरा थापा, सुजाता मैनाली, सावित्री रानामगर, दीपक गुरुङ, सन्तोष पौडेल, जिब-राज ढकाल, भीमप्रसाद लामिछाने, भक्तबहादुर केसी, धनराम विक, राधा सापकोटा र मोहन राना निर्वाचित भएका हुन्।

समाजका अध्यक्ष बुद्धि ढकालको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय सभा सदस्य गोमा तिमिल्सिनाले समाजलाई साझा संस्थाको रुपमा विकास गर्नुपर्नेमा जोड दिईन्।

कार्यक्रममा मकवानपुर जिल्ला न्यायाधीशद्वय पूर्णिमा कोइराला र निर्मला सुवेदी, विष्णु कोइराला, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाट, समाजका सल्लाहकारहरु रघुरमण न्यौपाने, विष्णु श्रेष्ठलगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा वरिष्ठ लोक गायक प्रेमराजा महत र हेटौंडा स्कूल अफ म्यानेजमेण्टका प्राचार्य पुरनबहादुर जोशीलाई सम्मान गरिएको थियो। यस्तै, लोकगायिका शिला आलेलाई लोकगितको प्रचारप्रसार र संरक्षणमा योगदान पुऱ्याएको भन्दै कार्यक्रममा कदर पत्रद्वारा सम्मान गरिएको थियो।

ज्येष्ठ नागरिकको ज्ञान र सीपबाट नयाँ पुस्ताले लाभ लिन सक्नुपर्छः राष्ट्रपति

सन्देश संवाददाता

काठमाडौं/राष्ट्रपति रामचन्द्र पौडेलले समाजका वरिष्ठ नागरिकको ज्ञान र सीपबाट नयाँ पुस्ताले पर्याप्त लाभ लिन सक्नुपर्नेमा जोड दिएका छन्।

मनमोहन स्मृति प्रतिष्ठानले शनिवार आयोजना गरेको ज्येष्ठ नागरिक अन्तर्राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै उनले सो धारणा व्यक्त गरेका हुन्। "यसका लागि ज्येष्ठ नागरिकले गरेका काम र असल अभ्यासलाई पाठ्यक्रम वा अन्तर्क्रियामार्फत् नयाँ पुस्ताले ग्रहण गर्न सक्ने व्यवस्था गर्नुपर्छ।

साथै शारीरिकरूपमा सक्षम र इच्छुक ज्येष्ठ नागरिकलाई उपयुक्त काममा संलग्न गराई उत्पादनसँग जोड्ने तथा उनीहरूसँग सम्बन्धित विषयका नीति निर्माण र सामुदायिक क्रियाकलापमा अनिवार्य प्रतिनिधित्व गराउने व्यवस्था गर्नुपर्छ भन्ने मठान्दछु," राष्ट्रपति पौडेलले भने। यसतर्फ दीर्घकालीन सोचका साथ परिपक्व नीति र व्यावहारिक कार्ययोजना बनाएर अघि बढ्न सरकारलगायत सबैलाई उनले सुझावसमेत दिए।

राष्ट्रपति पौडेलले नेपालको जनसंख्या पनि बिस्तारै बृद्धयौलीतर्फ उन्मुख भइरहेको उल्लेख गरे। "युवा तथा कामदार जनशक्तिलाई स्वदेशमै रोजगारी दिन चुनौतीहरू छन्। यस्तो अवस्थामा ज्येष्ठ नागरिकको प्रभावकारी र उत्पादनमूलक व्यवस्थापनका लागि अन्य देशका अनुभवबाट नेपालले पनि सिक्ने अवसर हुनेछ भन्नेमा म विश्वस्त छु," उनले भने।

ज्येष्ठ नागरिकलाई स्वास्थ्यकर खाना, उचित पोशाक र आवश्यक अवस्थामा स्वास्थ्य उपचार सेवा पाउनु उनीहरूको अधिकार भएको उनको भनाइ थियो। उनीहरूले आफ्नो उमेर समूहका वा अन्य व्यक्तिसँग सहजरूपमा अन्तरक्रिया गर्न पाउनुपर्ने र सकेसम्म परिवार मै बसेर जीवनयापन गर्न पाउनु पर्नेमा उनले जोड दिए।

"सहरीकरण, युवा पुस्ताको वैदेशिक रोजगारी तथा पारिवारिक असहिष्णुतालगायतका कारण जीवनको उत्तरार्धमा ज्येष्ठ नागरिकले दुःख पाएका समाचारले जोसुकैको मन द्रवित बनाउँछ," राष्ट्रपति पौडेलले भने। उनले सम्मेलन ज्ञान र सीपको अन्तर्पुस्ता हस्तान्तरणका साथै पुस्ताबीचको समन्वयको सेतु बन्न सकोस् भन्ने शुभकामनासहित सम्मेलनको सफलताको कामना गरे।

राष्ट्रपति पौडेलले बामपन्थी राजनीतिका प्रथम निर्वाचित प्रधानमन्त्री मनमोहन अधिकारी सरल र सादगी चर्चित नेता भएको स्मरण गराउदै वीपी कोइरालासँगै मनमोहन अधिकारीलगायत नेताले नेपालको मात्र नभई भारतको स्वतन्त्रता संघर्षमासमेत विशेष योगदान पुऱ्याएको स्मरण गरे।

कांग्रेस र कम्युनिष्टबिच सैद्धान्तिक मतभेद भए पनि निरंकुश पञ्चायतकालको अन्त्य र बहुदलीय प्रजातन्त्र स्थापनाका लागि सहकार्य आवश्यक रहेको विचार राख्ने उदार वामपन्थी नेता मनमोहन अधिकारी भएको उनको भनाई थियो।

२०५१ सालमा उहाँकै प्रधानमन्त्रित्वमा बृद्धबृद्धाका लागि पहिलोपटक मासिक बृद्धभत्ता सुरु गरिएको स्मरण गर्दै राष्ट्रपति पौडेलले ज्येष्ठ नागरिक राष्ट्रसेवामा योगदान दिएको स्मरण गराउदै र हाल समयसापेक्षरुपमा बढी आधार भूत सुविधाहरुको आवश्यकता भएको कारण समाजका विशिष्टवर्ग भएको उल्लेख गरे।

उखान: सुघ्घरी स्वास्नीको पोइ मोटाउंछ, फोहोरी स्वास्नीको कुकुर मोटाउंछ ।

।।।। बेलाको बोली ।।।।

जो पढिरहन्छ, त्यो ठूलो तपस्वी हो ।

- उपनिषद्

दैनिक सन्देश

सम्पादकीय

निरन्तरता कि छलाङ ?

पञ्चायतकालमा राजाले बेथिति गरे भनेर जनताले राजा हटाए । गणतन्त्रपछिका शासकहरु पनि स्थितिभित्र बसेनन् । आर्थिक भएका जनताले पुराना स्थापित राजनीतिक दल र तिनका नेतालाई पनि हटाइदिए । विडम्बना, स्थिति झन् बिग्रने जोखिम ह्वात्तै बढ्यो । कुनैबेला गरिबको गीत गाएर जनताको मन जित्ने व्यक्ति प्रधानमन्त्री हुनेबित्तिकै समाजका सबैभन्दा गरिब समुदायकै उठीबास लगाए । दुर्भाग्य, परिवर्तनका लागि जनतालाई जगाउने भनिएका अगुवाहरु उठीबास लाग्नेको आँसु पुछ्न होइन काखी ठोक्न रमाएको देखियो ।

नेपाली जनताले आलोपालो संसद्मा बहुमत दिने र नदिने गरेका छन् । लोकतन्त्रको पुनःस्थापनापछि वि.सं २०४८, २०५६, २०६४, २०८२ का संसदीय निर्वाचनमा एउटै दल वा गठबन्धनलाई जनताले बहुमत दिएका थिए । बहुमत पाउँदा दलका नेताहरुमा पलाएको अहंकार ले असमयमै पतन पनि गरायो । यसैगरी वि.सं २०५१, २०७० र २०७८ को निर्वाचनमा जनताले कसैलाई बहुमत दिएनन् । त्रिशंकु संसद् अनेकौं विकृतिको कारक बन्यो । बहुमत पाउँदा अहङ्कार देखाउनेहरु नै अल्पमतमा परेपछि सहमतिका नाममा विधि र प्रक्रियासँग सम्झौता गर्दै विकृतिका कारक बन्न थाले । यसपटक कुनै दललाई बहुमत दिने पालो नै थियो । राष्ट्रिय स्वतन्त्र पार्टीलाई नेपालीले दुईतिहाइ नजिक बहुमत दिए । विडम्बना, स्थिति बसाउन आएको पार्टीको सरकार भने विधि, प्रक्रियामात्र होइन परम्परा र न्याय पालिकाको संस्थागत स्वतन्त्रतामै प्रहार गर्न यो उद्यत भयो ।

अब नेपाला अछुतो भनेको नेपाली सेनामात्रै छ । प्रधान सेनापति हटाउने निद्दी गर्दा तत्कालीन प्रधानमन्त्रीले नै सरकारबाट बाहिरिनु परेको थियो । विकृति त सेनाभित्र पनि होला । सुधारका नाममा सरकारले त्यो अपेक्षाकृत अनुशासित संगठनमा हात हाल्ने दुरुस्साहस त नगर्ला नि ! दुःखद् विसंगति नै नेपाली जनताको नियति होइन भने भौतिक संरचनाभन्दासै स्थिति, परम्परा र अनुशासन भत्काउनु बुद्धिमानी र होइन भन्ने सद्बुद्धि अहिलेका शासकहरुलाई प्राप्त होस् । त्यसो त पुराणमा शक्ति र अहंकारले मर्यादा नाघ्ने शासकको पतन अन्ततः अनिवार्य हुने राजा नहुंदाको कथा पनि ताजै छ । त्यसैले सत्तामा पुग्नासाथ अंहकार बोक्नु अत्यकाल निम्त्याउनु हो बुझौ ।

मकवानपुरमा आज

१: जानकारीमा नआएको

तपाईको आज

मेष व्यापार बढ्नाले मनग्य लाभ हुनेछ । उठ्नुपर्ने रकम हातलागी हुनेछ । अप्ठ्यारा परिस्थितिलाई समेत तथा मनोरञ्जनको समय छ ।

वृष घर-परिवारमा असमझदारी बढ्न सक्छ । फजुल खर्च बढ्नेछ भने काममा पनि उल्झन आउन सक्दछ भने आघातसम्म पुग्न सक्नेछ ।

मिथुन बेसुरमा बचन दिने बानीले व्यवहार-मा अप्ठ्यारो पर्न सक्छ । निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले सजग रहनुपर्ला ।

कर्कट स्वास्थ्य-चिन्ताले अध्ययनमा बाधा हुनेछ । अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला । मिहिनेत गर्दा बिस्तारै सफलता पाउन समय पर्खनुहोला ।

सिंह अवसर हातपार्न निकै मेहनत गर्नुपर्ला बलभन्दा बुद्धिको उपयोगले लाभ दिलाउनेछ । व्यावहारिक अलमलले मुख्य काममा बाधा पुऱ्याउन सक्छ ।

कन्या कुनै अवसर प्राप्त भए पनि कामको मेसो नमिल्दा योजना पूरा नहुन सक्छ । आफ्ना कमी कमजोरीको फाइदा अरूले उठाउन सक्छन् ।

तुला परिश्रम परे पनि लक्ष्य प्राप्त हुने समय छ । शत्रु र गेग्राबाट भने सजग रहनुपर्ला । विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ ।

वृश्चिक लगनशीलताले समाधान दिलाउन नेतृत्व हातलागी हुने सम्भावना छ । व्यापारमा फाइदै विरोधीहरूले दुःख दिनेछन्, सजग रहनुहोला ।

धनु अवसरले पछ्याए पनि मौकाको फाइदा उठाउन निकै मिहिनेत गर्नुपर्ला । स्वास्थ्यका लागि खानपान र विश्राममा ध्यान पुऱ्याउनुहोला ।

मकर रमाइलो भेटघाटले नयाँ अवसर पनि जुटाउन सक्छ । भौतिक साधन जुटुनाले पेसा-व्यवसायमा उत्साह जनक परिवर्तन आउनेछ ।

कुम्भ लाभप्रद कामले लोभ्याए पनि फजुल खर्च हुन सक्छ । अवसरका लागि कडा परिश्रम गर्नुपर्ला देश-विदेशको यात्रा गर्ने प्रक्रिया अघि बढ्नेछ ।

मिन मिहिनेतको परिणाम भने राम्रै हुनेछ । प्रतिष्ठित काम सम्पादन गर्न सकिनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ ।

हाम्रो सम्पर्क ठेगाना
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७०३६, समाचार शाखा : ९८४५०२९८०३
विज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

खेतबारीमा बूढापाका, हराउँदै युवाको पाइला

✍शिराज खड्का

गाउँघरमा बिहानको घामसँगै हलोजुवा काँधमा बोकेर खेतबारीतिर लाग्ने युवाको दृष्य आजकाल बिरलै देखिन्छ । गाउँका डाँडापाखामा जहिल्यै सुनौलो बालीले ढाकिने जमिन अहिले धेरै ठाउँमा बाँझो र वनमारिने ढाकेको देखिन थालेको छ । हावाले धूलो उडाउने ती उर्वर खेत मानौं कुनै प्रतीक्षामा छन् । त्यस हातको, जसले फेरि माटोसँग संवाद गर्नेछ, जहिल्यै जीवनको आधार मानिएको माटोसँगको सम्बन्ध क्रमशः टुटदैछ । कारण स्पष्ट छ, युवा रोजगारी र अवसरका लागि गाउँबाट टाढिँदै छन्, खेतबारी रित्तिँदै छन् र कृषिको भविष्य संकटतर्फ धकेलिँदैछ । वास्तवमा नेपालको सामाजिक र आर्थिक इतिहासमा कृषि केवल पेसा मात्रै थिएन, जीवनशैली थियो । परिवार, संस्कार, चाडपर्व र सामुदायिक सम्बन्धहरू सबै कृषिसँग जोडिएका थिए । तर, समयसँगै यो सम्बन्ध कमजोर हुँदैछ । आज गाउँको पहिचान नै बर्दलिँदै गएको छ । खेत छन्, पानी छ, माटो छ तर, जोत्न चाहिने ऊर्जा र उत्साह हराउँदै गएको छ । बाबुआमाले पसिना बगाएर जोगाएको जमिन छ, तर त्यसलाई निरन्तरता दिने पुस्ता अन्यत्र आफ्नो भविष्य खोज्दैछ ।

युवाहरू विदेशतिर लाग्नुका पछाडि केवल आर्थिक कारण मात्र छैनन्, त्यसभन्दा गहिरो मनोवैज्ञानिक र सामाजिक पक्ष पनि छन् । स्थिर आम्दानीको खोजी, सामाजिक प्रतिष्ठाको चाहना र सुरक्षित जीवनको आकांक्षाले युवाहरूलाई गाउँ-बाट टाढा लैजाँदैछ । उनीहरूका आँखामा सपना छन् तर ती सपनाको मूल्य गाउँले तिर्दैछ । जब एउटा युवा बिदेशिन्छ, ऊसँगै गाउँको सम्भावना पनि बाहिरिन्छ । जब ऊ फर्किदैन, त्यो सम्भावना स्थायीरूपमा हराउँछ ।

समाजमा कृषिप्रतिको धारणा पनि युवाहरू-लाई प्रभावित गर्ने अर्को महत्वपूर्ण पक्ष हो । अझै पनि कृषि पेशालाई 'अन्तिम विकल्प' का रूपमा हेरिन्छ । पढेलेखेपछि जागिर गर्नुपर्छ भन्ने सोच गहिरोरूपमा स्थापित छ । यस्तो सामाजिक संर-चनाले युवालाई कृषिबाट टाढा राख्छ । कृषिमा सफलता हासिल गरेका उदाहरणहरू भए पनि तिनलाई पर्याप्तरूपमा प्रचार-प्रसार गरिएको छैन । परिणामतः कृषि सम्मानित पेसा बन्न सकेको छैन । भूमि संरचनाको समस्या पनि कम गम्भीर छैन । साना-साना टुक्रामा बिभाजित जमिनमा व्यावसायिक खेती गर्न कठिन हुन्छ ।

आधुनिक कृषि प्रविधि अपनाउन ठूलो क्षेत्र आवश्यक हुन्छ, जुन अधिकांश किसानसँग छैन । भूमि एकीकरणको अभाव, भाडामा खेती गर्ने कानुनी जटिलता र स्वामित्वको असप्टताले युवाहरूलाई कृषिमा लगानी गर्न हतोत्साहित बनाएको छ । पूर्वाधारको कमजोरीले पनि कृषिको आकर्षण घटाएको छ । उत्पादन गरेपछि त्यसलाई बजारसम्म पुऱ्याउने व्यवस्था कमजोर छ । सडक, भण्डारण, कोल्ड स्टोरेज र प्रशोधन उद्योगको अभावले किसानलाई ठूलो नोक्सानी बेहोर्न बाध्य बनाउँछ । धेरै किसानले उत्पादन फाल्नुपरेको अवस्था पनि देखिन्छ । यस्तो जोखिमपूर्ण वातावरणमा युवा किन आकर्षित होलान् ?

वैदेशिक रोजगारीको आकर्षण अर्को ठूलो कारण हो । विदेशमा श्रम गरेर केही वर्षमै घर बनाउन, ऋण तिर्न र आर्थिक स्थिति सुधार गर्न सकिने सम्भावनाले युवालाई तान्दैछ । तुलनात्मक रूपमा कृषिमा लामो समय लगानी गर्नुपर्छ, तर, प्रतिफल अनिश्चित हुन्छ । यसले युवाको निर्णय लाई प्रभावित गर्छ । युवाको पलायनले गाउँमा केवल श्रम अभाव मात्र सिर्जना गरेको छैन, यसले सामाजिक संरचनामा पनि गहिरो असर पारेको छ । गाउँमा बृद्ध र बालबालिका मात्र बाँकी रहने अवस्था बढ्दैछ । पारिवारिक सम्बन्ध कमजोर हुँदैछ । परम्परागत ज्ञान, सीप र अनुभव पुस्तान्तरण हुन नसक्ने अवस्था सिर्जना भएको छ । सामुदायिक जीवन, मेलमिलाप, र सहकार्यको संस्कृति हराउँदै गएको छ ।

तर, यो चित्र पूर्णरूपमा निराशाजनक मात्र छैन । सम्भावनाका ढोकाहरू अझै खुला छन् । विश्वभर कृषि क्षेत्रमा नयाँ प्रविधि, नवप्रवर्तन र उद्यमशीलताको लहर चलिरहेको छ । एग्रि-स्टार्टअप, स्मार्ट फार्मिङ, अर्गानिक खेती र एग्री-टुरिज्म जस्ता अवधारणाहरूले कृषिलाई नयाँ उचाइमा पुऱ्याइरहेका छन् । नेपालमा पनि यस्ता प्रयासहरू सुरु भएका छन् । यद्यपि पर्याप्त स्तरमा छैनन् । यदि कृषिलाई आधुनिक, लाभदायक र सम्मानित पेसा बनाउन सकियो भने युवाहरू पुनः यसतर्फ आकर्षित हुन सक्छन् । प्रविधिको प्रयोगले उत्पादन बढाउन, लागत घटाउन र जोखिम व्यवस्थापन गर्न सकिन्छ । डिजिटल प्लेटफर्ममार्फत् किसानले प्रत्यक्ष बजारसँग जोडिन सक्छन् । यान्त्रिकीकरणले श्रम अभावलाई कम गर्न सक्छ ।

यसका लागि राज्यको नीतिगत सुधार यहाँ अत्यन्त महत्वपूर्ण हुन्छ । सरकारको भूमिका केवल घोषणा गर्ने होइन, कार्यान्वयन सुनिश्चित गर्ने हुनुपर्छ । मल बीउसहित सहुलियत ऋण, कृषि बीमा, न्यूनतम समर्थन मूल्य र बजार सुनिश्चि-तताजस्ता कार्यक्रमहरू प्रभावकारीरूपमा लागू हुनुपर्छ । युवा लक्षित कार्यक्रमहरू जस्तै कृषि स्टार्टअप अनुदान, सीप विकास तालिम र उद्यमशीलता प्रवर्द्धनलाई प्राथमिकता दिनुपर्छ । निजी क्षेत्रको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ । कृषि मूल्य श्रृंखलामा लगानी, प्रशोधन उद्योग स्थापना र निर्यात प्रवर्द्धनमार्फत् कृषिलाई नाफा-मुखी बनाउन सकिन्छ । सार्वजनिक-निजी साझेदारी मोडलमार्फत् कृषि पूर्वाधार विकास गर्न सकिन्छ ।

शिक्षा प्रणालीमा पनि परिवर्तन आवश्यक छ । कृषि शिक्षालाई केवल सैद्धान्तिक नभई व्यावहारिक र उद्यममुखी बनाउनुपर्छ । विद्यालय र विश्वविद्यालयस्तरमा कृषिलाई आकर्षक विषयको रूपमा प्रस्तुत गर्नुपर्छ । अर्काथर्क, कृषि क्षेत्रको दीर्घकालीन सुधारका लागि अनुसन्धान र नव-प्रवर्तन अत्यन्त आवश्यक छ । कृषि विश्व विद्यालय, अनुसन्धान केन्द्र र निजी क्षेत्रबीच समन्वय कमजोर हुँदा नयाँ प्रविधिको विकास ढिलो भइ-रहेको छ । यदि अनुसन्धानलाई उत्पादनसँग जोड्न सकियो भने कृषि आत्मनिर्भर मात्र होइन, प्रतिस्पर्धी पनि बन्न सक्छ ।

युवालाई कृषिमा अवसर देखाउन सकिए मात्र उनीहरूको दृष्टिकोण परिवर्तन हुन्छ । सामाजिक धारणा परिवर्तन पनि अनिवार्य छ । कृषिलाई सम्मानित पेसाको रूपमा स्थापित गर्न सफल कृषकहरूको अनुभव र उपलब्धिहरूलाई उजागर गर्नुपर्छ । जब समाजले कृषिलाई सम्मान दिन्छ, तब मात्र युवाहरूले करियरका रूपमा स्विकार्छन् ।

यसर्थ आजको युगमा कृषि केवल परम्प-रागत अभ्यासमा सीमित छैन । विश्वव्यापीरूपमा कृषि क्षेत्र डिजिटल रूपान्तरणतर्फ अघि बढि-रहेको छ । ड्रोन प्रविधि, मोबाइल एपमार्फत मौसम पूर्वानुमान, माटो परीक्षण प्रणाली र स्मार्ट सिंचाइ जस्ता प्रविधिले कृषि उत्पादनलाई नयाँ स्तरमा पुऱ्याइरहेका छन् तर नेपालमा यी प्रविधिको पहुँच अझै सीमित हुँदा कृषि पुरानै ढाँचामा अड्किएको छ । यदि प्रविधिलाई ग्रामीण स्तरसम्म सहज रूपमा पुऱ्याउन सकियो भने युवाको आकर्षण स्वतः बढ्न सक्छ । कृषि केवल उत्पादन मात्र नभई मूल्य श्रृंखलासँग जोडिएको उद्योग हो । कच्चा उत्पादन मात्र बेच्ने परम्परा बदल्दै अब प्रशोधन, प्याकेजिङ र ब्रान्डिङमार्फत मूल्य अभिवृद्धि गर्न सकिन्छ । दूधलाई चीज वा दही उद्योगमा रूपान्त-रण, फलफूललाई जुस र जाममा प्रशोधन, तथा जडीबुटीलाई औषधि उद्योगसँग जोड्ने हो भने कृषि नाफामुखी उद्योग बन्न सक्छ । यसले कृषि क्षेत्रलाई रोजगारी सिर्जनाको ठूलो आधार बनाउनेछ ।

नेपालको कृषि उत्पादनलाई अन्तर्राष्ट्रिय बजारसँग जोड्ने सम्भावना पनि उत्तिकै प्रबल छ । अर्गानिक कृषि उत्पादन, उच्च पहाडी जडीबुटी, चिया, कफी तथा मसला बालीहरू विश्व बजारमा प्रतिस्पर्धी बन्न सक्ने क्षमता राख्छन् । तर गुणस्तर प्रमाणीकरण, प्याकेजिङ र निर्यात संरचना कमजोर हुँदा यो सम्भावना पूर्णरूपमा उपयोग हुन सकेको छैन । 'नेपाल ब्राण्ड' निर्माण गर्न सकियो भने कृषि क्षेत्रले वैदेशिक मुद्रा आर्जनको प्रमुख स्रोत बन्न सक्छ । कृषिमा महिला जनशक्तिको योगदान पनि उल्लेखनीय छ । खेतबारीदेखि पशुपालनसम्म महिलाको भूमिका अत्यन्त महत्वपूर्ण भए पनि निर्णय प्रक्रियामा उनीहरूको सहभागिता सीमित छ । यदि महिला-मैत्री कृषि नीति, प्रविधि पहुँच र उद्यमशीलता कार्यक्रम विस्तार गर्न सकियो भने पनि कृषि क्षेत्र अझै दिगो बन्न सक्छ ।

जलवायु परिवर्तनको प्रभाव पनि अब कृषि क्षेत्रको प्रमुख चुनौती बनेको छ । अनियमित वर्षा, बढ्दो तापक्रम, सुक्खा र बाढीका कारण उत्पादन जोखिममा पर्न थालेको छ । त्यसैले जलवायु-स्मार्ट कृषि प्रणाली अपनाउनु अपरिहार्य छ । मौसम अनुकूल बाली, जल संरक्षण प्रविधि र वातावरणमैत्री खेती प्रणालीले कृषि उत्पादनलाई स्थिर बनाउन सक्छ ।

अवको कृषि नीति केवल उत्पादन बढाउने मात्र होइन, युवालाई आकर्षित गर्ने रणनीति हुनुपर्छ । कृषि उद्यमशीलता, स्टार्टअप सहयोग, सहुलियत ऋण, बीमा प्रणाली र बजार सुनिश्चि-ततासहित मात्र युवालाई दीर्घकालीनरूपमा यस क्षेत्रमा टिकाउन सक्छ । गाउँको वास्तविकता अझै पनि आशावादी छ । खेतबारीका ढिलमा बसेका बूढापाका अझै हार मानेका छैनन् । अप्ठेरो परेका दिन तिनै युवा माटोसँग खेल्न फर्किनेछन् भन्नेछ । उनीहरूको आँखामा अझै पनि त्यो सपना छ हरियाली खेत, गुञ्जायमान गाउँ र समृद्ध जीवन ।

साभार : कोरोबार दैनिक

चराको रोचक उडान

✍कृष्णप्रसाद भुसाल

नेपालमा हालसम्म अभिलेख भएका ९०२ प्रजातिका चरा वर्षभरि नै नेपालमा बस्दैनन् । मौसम परिवर्तनसँगै हाम्रो वरपर देखिने चराको दैनिक जीवन पनि बदलिन्छ । जस्तो : जाडो सुरु भएसँगै सिमसार क्षेत्रमा पानीहाँस तथा अन्य जलपन्छीले भरिभराउ देखिन्छन् तर गर्मीयाम लाग्दै जाँदा ती चरा क्रमशः अन्यत्र सर्छन् । त्यसैगरी गर्मी मौसममा वनक्षेत्र चराको सुरिलो आवाजले गुञ्जायमान हुन्छ भने रहीन प्रजातिका चरा तथा तिनका गुँड र बचेराले सजिसजाउ हुन्छ । चराले आफ्नो प्रजनन क्षेत्रबाट चरन क्षेत्रसम्म हरेक वर्ष मौसमअनुसार नियमितरूपमा यात्रा गर्छन् । त्यही यात्रालाई चराको बसाईसराइ भनिन्छ । अनकूल मौसम, सुरक्षित वासस्थान, चरन र प्रजननका लागि चराहरू एक ठाउँबाट अर्को ठाउँ, एक देशबाट अर्को देश र एक महादेश-बाट अर्को महादेशमा बसाई सरी आउने जाने गर्छन् । बसाई सर्ने चराले आफ्नो यात्राका क्रममा विभिन्न भौगोलिक क्षेत्र, पारिस्थितिक प्रणाली, देश र समुदायलाई जोड्दै संरक्षणका लागि अन्त-र्राष्ट्रिय सहकार्यलाई प्रेरित गर्छन् र विश्वभरका मानिसलाई एकताबद्ध बनाउँछन् ।

विश्वमा पाइने चराका ११ हजारभन्दा बढी प्रजातिमध्ये करिब ४० प्रतिशत नियमित रूपमा ऋतुअनुसार एक ठाउँबाट अर्को ठाउँमा बसाई सरिरहन्छन् । बसाईसराई गर्ने चरा आफ्नो गन्तव्यसम्म पुग्ने दिशा तथा बाटो पहिचानका लागि सूर्य तथा अन्य ताराको अवस्थिति, नदी, भौगोलिक श्रृंखला, चुम्बकीय दिशा आदिको सहारा लिने गरेको विश्वास गरिन्छ ।

यसका साथै बसाईसराइका लागि उत्प्रेरित गराउने र मार्गदर्शन गर्ने वंशाणुगत गुण पनि चराका वंशजमा स्थानान्तरण हुँदै जान्छन् । चराले बसाईसराइको बेला प्रयोग गर्ने बाटोलाई उडान मार्ग भनिन्छ । विश्वमा नौ वटा यस्ता उडान मार्ग पहिचान गरिएका छन् र नेपाल मध्यएसियाली उडानमार्गमा अवस्थित छ । रोचक त के छ भने चराले बसाईसराइ गर्ने बेला यिनै निश्चित उडानमार्ग हुँदै आवतजावत गर्छन् । यिनै बसाई सराइ गर्ने चराको दिगो संरक्षण, तिनको आहार, वासस्थान र उडानमार्गको सुरक्षाका लागि विश्व-व्यापी हातेमालो तथा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले हरेक वर्ष मे महिनाको दोस्रो शनिवार चराको विश्व बसाईसराइ दिवस मनाइन्छ ।

नेपालमा पनि हिउँद याममा उत्तरी भूगोलका देश रूस, चीन, मंगोलियाका साथै युरोप, कोरिया र तिब्बती क्षेत्रबाट जाडो छल्न बर्सेनि करिब १५० भन्दा बढी प्रजातिका हजारौं चरा नेपालको तल्लो हिमाली भेग, पहाड र तराईका विभिन्न भूभाग तथा तालतलैया र नदी आस-पासमा बसाई सरी आउँछन् । यसैगरी करिब ५० प्रजातिका बटुवा चरा नेपालको बाटो हुँदै दक्षिणी मुलुक भारत, पाकिस्तान, श्रीलंका र अफ्रिकासम्म जान्छन् । यसरी जाडो याममा नेपालमा बसाई सरी आउने चरामा अधिकांश पानी चराका प्रजाति हुन्छन् भने अन्य सिकारी चरा, बगेडी, चाँचर, साना फिस्टा, अर्जुनक, भ्याप्सी, भद्राई आदि पर्छन् । यी हिउँदे आगन्तुक चरा नेपाल आउने क्रम भदौ मध्यदेखि पुस मध्यसम्म जारी रहन्छ । चैतसम्ममा प्रायःआफ्नो स्थायी बसोबासमा प्रजननका लागि फर्किसकेका हुन्छन् ।

हिउँदे आगन्तुक चरा गर्मीयामको सुरुवात सँगै आफ्नो वासस्थान फर्किसक्दा फेरि भारत, श्रीलंका र अफ्रिकाबाट हजारौं ग्रीष्मकालीन आगन्तुक चरा बच्चा कोरल्न नेपाल आइसकेका हुन्छन् । यसरी आउने करिब ६२ प्रजातिमा कोइली, मुरलीचरी, सुनचरी, स्वर्गचरी, पिट्टा, कटुसटाउके आदि हुन्छन् । यी चराले नेपालमा बच्चा कोरली अंशजसम्मा हुर्काए पुरानै वासस्थानमा फर्कन्छन् । ग्रीष्मकालीन आगन्तुक चराको मुख्य वासस्थान भने वन र यस आसपासका घाँसे मैदान र कृषि भूमि हुन् ।

बसाईसराइ गर्दा हुने चराको यात्रा रोचक, साहसिक र चामत्कारिक हुन्छ । उदाहरणका लागि परेवा जत्रो शरीर हुने आर्कटिक टर्न चरा जुन संसारकै सबैभन्दा लामो दुरीको यात्रा तय गर्ने प्राणी हो । यसले हरेक वर्ष करिब ९० हजार किलोमिटर दुरी पार गर्दै उत्तरी ध्रुवबाट दक्षिणी ध्रुवसम्म बसाई सर्छन् । करिब ३० वर्ष आयु हुने यो चराले आफ्नो जीवनकालमा पृथ्वीबाट चन्द्रमामा चार पटक ओहरदोहर गर्ने दुरी पार गर्छ । त्यस्तै ग्रेट स्नाइप भनिने चाहा प्रजातिको चरा ९७ किलोमिटर प्रतिघण्टाको गतिमा अविछिन्नरूपमा ६८ सय किलोमिटर दुरी पार गर्छ । तीव्र गतिमा लामो दुरी पार गर्ने चराका रूपमा यसलाई लिइन्छ । करिब ९० दिनसम्म खाना र आरामबिना उडेर बार टेल गुडविट ९३ हजार किलोमिटर दुरी पार गरी अलास्काबाट न्युजिल्यान्ड पुग्छ । त्यसैगरी सबैभन्दा शिखर समरमाथाभन्दा पनि करिब नौ हजार ३७५ मिटरमाथि उड्ने खोयाहाँस नेपालमा हिँउद बिताउन आउँछ । नेपालमा उत्तरबाट हिँउद बिताउन आउने चरा हिमालका बिचमा पर्ने होचा खोचबाट नेपाल प्रवेश गर्छन् तर खोयाहाँस सिधै हिमाल नाघी अत्यन्तै जोखिमपूर्ण साहसिक र रोचक यात्रा तय गर्छ । हावा बहावको प्रतिकूल दिशामा पनि उड्न सक्ने यस चराले ८० किलोमिटर प्रतिघण्टाको गतिमा एक दिनमा १६ सय किलोमिटरभन्दा बढी दुरी पार गर्न सक्छ ।

बेलायती प्रकृतिविद् ब्रायन हडसनले सन् १८३३ मा नेपालबाट विश्वका लागि नयाँ प्रजातिको चराका रूपमा पहिचान गरेको चिल हो, गोमायु महाचिल । नेपाली पहिचान बोकेर संसारभर उडिरहेको गोमायु महाचिल पनि नेपालका लागि हिउँदे आगन्तुक र बटुवा हो । गोमायु महाचिल बसाई सरेर आउने क्रममा अधिकांश पूर्वी नेपालबाट प्रवेश गर्छन् भने तराईका भूभागसँगै काठमाडौं र पोखरा उपत्यकामा बढी समय बिताउने गर्छन् । पश्चिमतर्फ जान अन्तर्पूर्ण हिमश्रृंखलाको दक्षिण ढुलाखर्क/कंडिके बाटो प्रयोग गर्छन् तर सन् २०१५ को असोज अन्तिम साता मंगोलियामा स्याटेलाइट ट्यागा लगाएको गोमायु महाचिल करिब दुई महिनाको समयमा पाँच हजार २७८ किलोमिटर दुरी पार गरी मंगोलिया, चीन, नेपाल हुँदै भारतको उत्तराखण्डसम्म पुगेको थियो ।

औसतमा ४४ किलोमिटर प्रतिघण्टा र एक दिनमा बढीमा ३६५ किलोमिटरसम्म उडान भरेको उक्त चिल सात हजार दुई सय मिटर उचाइबाट हिमाल नाघी सगरमाथाको दक्षिण पूर्वी क्षेत्र हुँदै नेपाल भित्रिएको थियो । अत्यन्तै चिसो र कम अक्सिजन हुने हिमालय क्षेत्रभन्दा माथिबाट हावा बहावको प्रतिकूल दिशामा उड्दै नेपाल प्रवेश गरेको उक्त गोमायु महाचिलले अनुसन्धान कर्तालाई चकित पारेको थियो ।

ग्रीष्मकालीन आगन्तुक चरा पनि हजारौं किलोमिटर दुरी पार गरी नेपाल भित्रिन्छन् । उदाहरणका लागि जुरेकोइली अफ्रिका महादेशबाट करिब ५ हजार किलोमिटर लामो दुरी पार गर्दै नेपाल भित्रिन्छ । सन् २०१६ मा चीनको राजधानी बेइजिङनजिकबाट स्याटेलाइट ट्यागा लगाएर छाडिएका दुई कुक्कु कोइली एक वर्षमा १६ देश हुँदै कम्तीमा २ हजार ७ सय किमी दुरी पार गरेर अफ्रिकासम्म पुगेका थिए । दर्जनौं देश र महासागर पारगरी भण्डै आधा संसारको यात्रा गरेका ती कोइलीको यात्रा रोचक र प्रेरणादायी छ । नेपालमा पाइने १९ प्रजातिका कोइलीमध्ये १५ प्रजातिले त आफ्नो गुँड नै बनाउँदैनन् र अण्डा अरू चराको गुँडमा पार्दिन्छन् । अन्य चराले आफ्नै सन्तान ठानेर कोइलीको बच्चा हुर्काउँछ । ग्रीष्मयाममा नेपालमा पाँच आउने खैरो गाँथली १० महिनासम्म आकाशमा उडेको उड्दै गर्न सक्ने हालैको एक अध्ययनले देखाएको छ ।

नेपालमा बसाई सरी आउने चरा खासगरी वासस्थान संकुचन तथा विनाश, कृषिमा रासा-यनिक मलको बढ्दो प्रयोग, जलस्रोतमा विषादीको प्रयोग, सिमसार क्षेत्रको अतिक्रमण, वनडढेलो, अवैध चरा शिकार जस्ता कारणले संकटमा परेका छन् । यसका साथै उडानमार्गमा हुने अवरोध र जलवायु परिवर्तन जस्ता कारणले पनि चराको आवागमनमा बाधा पुऱ्याएको छ । बसाई सरी आउने चरा लामो दुरीको यात्राले थकित हुने तथा आश्रय स्थल नयाँ हुने हँदा प्राकृतिक तथा मानवीय शिकारको अत्यधिक जोखिम हुन्छ । हिउँदे आगन्तुक चराको मुख्य आश्रय स्थल सिमसारको संकुचन तथा विनाश र चोरीशिकारले यी चरा प्रभावित भइरहेका छन् ।

ग्रीष्मकालीन आगन्तुक चराको आगमन, गुँड बनाउने र बच्चा कोरल्ने समयमा भइरहेका भीषण बनडढेलोले यी चराको प्रजनन र नवजात शिशु मात्र प्रभावित भइरहेका छैनन्, सयौं माउ चरा पनि मरिरहेका छन् । वासस्थानमा आइरहेको तीव्र परिवर्तन र बनडढेलो यी चराका लागि मुख्य चुनौती हो । बसाई सर्ने चराले मानिस, पारि-स्थितिकीय प्रणाली र राष्ट्रलाई जोडेका छन् र खास प्रकारको वातावरणीय सूचकको काम गरि-रहेका पाइन्छ ।

साभार : गोरखापत्र

हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष

ब्याजदर गिरावटले ज्येष्ठ नागरिकलाई समस्या

छुट्टै ब्याजदर नीति र थप प्रिमियम आवश्यक

काठमाडौं/नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्यांकअनुसार बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेप ८० खर्ब नजिक पुगेको छ । जसमा ४० प्रतिशत मुद्धति निक्षेपको हिस्सा रहेको राष्ट्र बैंकको तथ्यांकले देखाउँछ। यो निक्षेपमा १५ देखि २० प्रतिशत हिस्सा ज्येष्ठ नागरिकको रहेको नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइराला बताउँछन् ।



सरकारी सेवाबाट अवकाश उमेरहद ६० वर्षलाई ज्येष्ठ नागरिक मान्दा नेपालको कुल जनसंख्याको करिब ११ प्रतिशत ज्येष्ठ नागरिक रहेको पछिल्लो जनगणनाले देखाएको छ । यही जनसंख्याको करिब ५० प्रतिशतले बैंक तथा वित्तीय संस्थामा पैसा राखेर आउने ब्याजले दैनिक गर्जो टार्ने गर्छन् ।

तर, अहिले बैंकमा जम्मा गरेको रकमबाट आउने ब्याजले औषधि र दैनिक खर्च चलाउने ठुलो जनसंख्या मारमा परेको छ । ज्येष्ठ नागरिकहरूले आफ्नो जीवनभरको कमाइ सुरक्षित भविष्यका लागि मुद्दती निक्षेपमा राख्ने गरेका छन् । कुनै समय मुद्धतिमा १५ प्रतिशत ब्याज दिने बैंकहरुले अहिले मुस्किलले ३ प्रतिशत दिन थालेका छन् । बैंकिङ क्षेत्रमा तरलता सहज भएसँगै निक्षेपको ब्याजदर थप घट्दो क्रममा छ। यसरी ब्याजदर घट्दा त्यसको प्रत्यक्ष मार ज्येष्ठ नागरिकमा परेको छ ।

बजारमा पर्याप्त तरलता भएपछि बैंकहरूले ज्येष्ठ नागरिकका लागि विशेष योजनाहरू ल्याउन छोडेका छन् । बैंकहरूमा लगानी योग्य रकम थुप्रिएपछि खर्च घटाउन बैंकहरुले निक्षेपको ब्याजदर निरन्तर घटाइरहेका छन् । तर, बजारमा उपभोग्य वस्तुको मूल्य भने दिनदिनै बढ्दो क्रममा छ । यस्तो विषम परिस्थितिमा ज्येष्ठ नागरिकका लागि राज्य र बैंकिङ क्षेत्रले विशेष र उच्च प्रतिफल दिने मुद्दती निक्षेप योजना ल्याउनुपर्ने बहस तीव्र बनेको छ ।

बैंकहरूसँग प्रशस्त पैसा भएर कर्जाको माग नभएकै कारण प्रणालीमा अधिक तरलता भएर खर्च व्यवस्थापनमा निक्षेपको ब्याजदर घटाएका हुन् । यस्तो अवस्थामा बैंकहरूले निक्षेपकर्तालाई धेरै ब्याज दिन नसकेको बैंकर्स संघका अध्यक्ष कोइरालाले बताउँछन् । जसको मारमा ज्येष्ठ नागरिक पनि परेका हुन् । 'बिगतमा तरलताको अभाव हुँदा ज्येष्ठ नागरिक लक्षित गरी विभिन्न योजनाहरू ल्याउने गरिएको थियो,' संघ अध्यक्ष कोइराला भन्छन्, 'राष्ट्र बैंकले निक्षेपको ब्याजदरमा निश्चित सीमा र स्ल्याबहरू तोकिदिएकाले बैंकहरूले चाहेर पनि आफ्नै खुसीले कुनै एउटा वर्गलाई मात्रै बढी ब्याज दिन मिल्ने अवस्था छैन ।'

राष्ट्र बैंकका नियमहरूले गर्दा बैंकहरू प्राविधिकरूपमा बाँधिएका छन् । यदि नियामक निकायले ज्येष्ठ नागरिकका लागि विशेष निर्देशन दिएमा बैंकहरूले त्यसलाई कार्यान्वयन गर्न कुनै समस्या नहुने उनको भनाइ छ । राष्ट्र बैंकले बचत र मुद्दती निक्षेपको ब्याजदरमा निश्चित सीमा तोकिदिएको हुनाले बैंकलाई दर बढाउन प्राविधिक समस्या छ । कोइरालाका अनुसार हाल बचत खाताको ब्याजदरमा दुई प्रतिशतको फरकको सीमा (स्ल्याब) कायम गर्नुपर्ने नियम छ । यसले गर्दा बैंकहरूले ज्येष्ठ नागरिकलाई छुट्टै र उच्च ब्याज दिन सक्ने अवस्था नरहेको उनी बताउँछन् ।

'रिभर्स मर्गेज प्रडक्ट' ल्याउँदै नियामक, सन्तानले बाईबाई गरेका आमाबुबाका सहारा बन्दै बैंकहरूको अर्को समस्या भनेको लागत र स्प्रेड दर व्यवस्थापन पनि हो । ज्येष्ठ नागरिकलाई उच्च ब्याज दिँदा बैंकको खर्च बढ्छ र यसले नाफामा असर गर्छ । सरकार र राष्ट्र बैंकले रेमिटेन्स निक्षेपमा एक प्रतिशत थप ब्याज दिनुपर्ने अनिवार्य नियम गरेको भए पनि ज्येष्ठ नागरिकका लागि यस्तो कुनै व्यवस्था गरेको छैन । तर यदि सरकार र राष्ट्र बैंकले नीतिगत रूपमा नै ज्येष्ठ नागरिकलाई यति दरभन्दा तल ब्याज दिन पाइँदैन भनेर निर्देशन दिएमा बैंकहरू त्यसलाई पालना गर्न तयार रहेको कोइराला बताउँछन् ।

'यदि नियामक निकाय वा सरकारले ज्येष्ठ नागरिकलाई निश्चित प्रतिशत थप ब्याज दिनु भनेर स्पष्ट सर्कुलर जारी गरेमा बैंकहरू त्यसलाई पालना गर्न पूर्णरूपमा तयार छन् । तर अहिलेको बजारको अवस्थामा बैंक आफैंले लागत बढाएर यस्तो सुविधा दिन सक्ने स्थितिमा छैनन्,' उनले भने । यस्ता कार्यक्रम सञ्चालन गर्नका लागि स्प्रेड दर जस्ता सूचकहरूमा राष्ट्र बैंकले केही रिल्याक्सेसन दिनुपर्ने उनको सुझाव छ । यो विषयमा राष्ट्र बैंकसमेत सकारात्मक रहेको प्रवक्ता गुरुप्रसाद पौडेलले बताए ।

'बजारको औसत मुद्रास्फीतिलाई हेर्दा अहिले नेपालमा वास्तविक ब्याजदर पूर्णरूपमा नकारात्मक भइसकेको अवस्था छैन । यद्यपि, यदि भविष्यमा मुद्रास्फीति बढेर वास्तविक ब्याजदर नकारात्मक हुने स्थिति आयो भने ज्येष्ठ नागरिक जस्ता ब्याजमै आश्रितवर्गको हितका बारेमा राज्य र नियामकले गम्भीर भएर सोच्न आवश्यक हुन्छ,' उनले भने, 'बैंकहरूले निक्षेपमा दिने ब्याजदर र कर्जामा लिने ब्याजदरबीच एउटा निश्चित सन्तुलन कायम गर्नुपर्ने हुन्छ । यद्यपि, कुनै खास वर्ग वा समुदायको विशेष आवश्यकतालाई ध्यानमा राखेर नीतिगत पुनरावलोकन गर्नुपर्ने अवस्था आएमा राष्ट्र बैंकले त्यसको अध्ययन गर्न सक्छ ।'

पौडेलका अनुसार निक्षेपकर्ताको पैसाको सुरक्षा र त्यसबाट आउने उचित प्रतिफल सुनिश्चित गर्नु राष्ट्र बैंकको प्राथमिकता हो । ज्येष्ठ नागरिकले आफ्नो जीवनभरको कमाइ बैंकमा राखेका हुन्छन् । त्यसैले उनीहरूको लगानीको क्रयशक्ति नघटोस् भन्नेमा राष्ट्र बैंकसमेत सचेत छ । समय र परिस्थितिअनुसार बैंकिङ उपकरणहरूलाई अझ बढी समावेशी र सामाजिक न्यायमा आधारित बनाउँदै लैजान सकिन्छ उनले भने

छिमेकी देशको उदाहरण :

ज्येष्ठ नागरिकलाई विशेष निक्षेप योजनाको अन्तर्राष्ट्रिय अभ्यास हेर्दा छिमेकी राष्ट्र भारतमा ज्येष्ठ नागरिकहरूका लागि निक्षेपमा विशेष सहुलियत दिने व्यवस्था छ । त्यहाँको केन्द्रीय बैंककै निर्देशनमा भारतीय बैंकहरूले सामान्य ग्राहकको तुलनामा ज्येष्ठ नागरिकहरूलाई ०.५० प्रतिशत (५० बेसिस पोइन्ट्स) सम्म बढी ब्याज उपलब्ध गराउँछन् । भारतका 'स्मॉल फाइनान्स बैंक' हरूले त ज्येष्ठ नागरिकलाई ८.५ प्रतिशतसम्मको उच्च प्रतिफल दिने मुद्दती निक्षेप योजनाहरू सञ्चालन गरिरहेका छन् ।

त्यहाँ 'सीनियर सिटीजन सेभिङ्स स्किम' जस्ता सुविधाहरू छन्, जसले गर्दा एउटा निश्चित सीमासम्मको ब्याज आम्दानीमा कर तिर्नु पर्दैन । यस्ता व्यवस्थाले गर्दा समग्र देशको आर्थिक उतारचढावका बीच पनि ज्येष्ठ नागरिकहरूका लागि फिक्स्ड डिपोजिट निश्चित ब्याज पाउने हुँदा यस्तो योजना सुरक्षित र भरपर्दो विकल्प बनेको छ ।

नेपालमा किन आवश्यक :

नेपालमा धेरै ज्येष्ठ नागरिकहरूले आफ्नो जीवनभरको कमाइ बैंकमा राखेर त्यसैको ब्याजबाट दैनिक खर्च, औषधि उपचार र खाद्यान्नको जोहो गर्ने गरेका छन् । ब्याजदर न्यून हुँदा उनीहरूको क्रयशक्ति घट्छ र जीवनयापन कष्टकर बन्न पुग्छ । नेपाल बैंकर्स संघका सदस्य तथा बैंकका कार्यकारी अधिकृत सन्तोष कोइराला भन्छन्, 'पहिले ज्येष्ठ नागरिकहरूका लागि विशेष मुद्दती निक्षेप योजनाहरू हुन्थे, जसले गर्दा कतिपयको घरै चल्थ्यो । तर अहिले तरलता बढी भएपछि बैंकहरूले त्यस्ता स्किमहरू ल्याउन छाडेका छन् ।'

यसै विषयमा पूर्व बैंकर तथा बैंकिङ क्षेत्र सुधार कार्यदलका सदस्य भुवनकुमार दाहाल सामाजिक न्यायको दृष्टिकोणले पनि ज्येष्ठ नागरिकलाई बढी ब्याज दिनु आवश्यक रहेको बताउँछन् । उनी भन्छन्, 'ज्येष्ठ नागरिकहरूको आम्दानीको स्रोत कम हुन्छ । त्यसैले हामीले पनि भारतमा जस्तै कम्तीमा आधा वा एक प्रतिशत बढी ब्याज दिनुपर्छ भनेर राष्ट्र बैंकलाई बैंकिङ क्षेत्र सुधार कार्यदलले सुझाव दिएका छौं,' उनले भने, 'सानिमा बैंकले पहिले विशेष ब्याजदर योजना मात्रै होइन मासिक ब्याज भुक्तानीसमेत गर्थ्यो । अब राष्ट्र बैंकले यस्तो विषय नीतिगतरुपमै व्यवस्था गर्नुपर्छ ।'

उनले ज्येष्ठ नागरिकहरूको आम्दानीको स्रोत सीमित हुने भएकाले उनीहरूलाई राज्य र बैंक दुवैले प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए । रेमिट्यान्स खातामा एक प्रतिशत थप ब्याज दिने व्यवस्था गरिए झैं ज्येष्ठ नागरिकका लागि पनि यस्तै सुविधा दिनुपर्ने उनको माग छ । धेरै विकसित मुलुकहरूमा सरकारले नै ज्येष्ठ नागरिकका लागि 'पेन्सन फण्ड' वा 'रिटायरमेन्ट सेभिङ्स'मा बजारको भन्दा बढी ब्याजदर ग्यारेन्टी गरेको हुन्छ । नेपालमा भने यस्तो व्यवस्था नहुँदा वृद्धवृद्धाहरू आफ्नो बुढेसकालको सहारा खोसिएको महसुस गरिरहेका छन् ।

नेपालमा संयुक्त परिवारको संरचना भत्किँदै गएको र छोराछोरीहरू वैदेशिक रोजगारीमा जाने क्रम बढेकाले पनि ज्येष्ठ नागरिकहरू आर्थिकरूपमा आत्मनिर्भर हुन आवश्यक छ । उनीहरूका लागि बैंकको ब्याज नै पेन्सनसरहको आम्दानीको स्रोत बनेको छ। यसतर्फ सरकारले गम्भीरतापुर्वक सोच्नुपर्ने बेला आएको छ ।

जर्जर यातायातको सुधारका विकल्पहरु

नेपाल ढाका (बंगलादेश), पश्चिम बङ्गाल, कोलकोता (भारत) जस्तै जर्जर यातायात दूरावस्थाको भूमरीमा फसिसकेको छ। तीन दशक लामो कुशासन र प्रशासनको अकर्मन्यताका कारण राजधानी उपत्यकालगायत देशका सबै ठुला शहर एवम् सडक नर्कमय बनिसकेको छ । कर्कस ध्वनि हेपाहा-मिचाहा मनोविज्ञान र अनुशासहीन लापर्वाह चालकसँगै सुधारको लागि सुस्त र विकल्प नखोज्ने योजनाकरहरू यो अवस्थाको लागि जिम्मेवार छन् ।

न पर्याप्त सडक छन् न त मानवोचित सार्वजनिक शहरी यातायात नै । बेलागम थुप्रिँदै गएका निजि सरकारी सवारी साधनदेखि सार्वजनिक सवारीसाधनको कारण खासगरी उपत्यका र सबै ठुला शहरको अवस्था दयनीय र कुशासनको प्रतिनिधित्व गरिरहेका छन् । के सुधारको कुनै विकल्प छैन त ? छ, तर राज्य विवेकशील र जिम्मेवार हुनुपर्छ । सार्वजनिक यातायात राज्यको दायित्व हो उसले निर्वाह गर्नुपर्छ ! यसबारे बुँदागतरूपले यसरी प्रष्ट्याउनु उचित होला ।

☛सर्वप्रथम काठमाडौं उपत्यकालाई एक महानगर बनाएर स्थानीय सरकार (महानगर) स्वयम्ले सार्वजनिक यातायात सञ्चालन गर्ने, जुन सबै सुशासन भएका र Civic Sense भएका देशको अनिवार्य जिम्मेवारी वा दायित्व हो। स्तरीय सार्वजनिक यातायात सञ्चालनपछि नागरिकहरू निजी बाहनबाट बिस्तारै टाढिन थाल्छन् ।

☛उपत्यकालाई पैदलमैत्री बनाउन ध्वनि-धुँवामुक्त स्वच्छ वातावरण र सुरक्षित पैदल मार्ग (फुटपाथ) तयार पार्नुपर्छ र सार्वजनिक यातायातको बिसौनी कम्तिमा दुई किमी दूरीमा हुनुपर्छ । त्यसबाट सवारी साधन रोकिने या अगाडि बढ्नमा आवश्यक ढिलाइ हट्छ ।

☛निजी बाहन प्रयोगलाई निरुत्साहित गर्न राज्यले जापान/चीनसँग सहयोग मागी थानकोट, साँगा, चोभार, बुढानिलकण्ठ र चक्रपथवरिपरि मेट्रो ट्रेनको निर्माण गरोस्, जसको केन्द्र रत्नपार्क/भृकुटीमण्डप रहनु उपयुक्त हुन्छ ।

☛तीन वर्षको समय दिएर उपत्यका लगायतका शहरका सबै दुईपाङ्गे र तीनपाङ्गे सवारी साधनलाई बिस्थापित गराउनु पर्छ ।

☛कम्तिमा पाँच वर्षको लागि मोटर साइकल आयात रोक्ने र आफ्नै पार्किङ नभएका निजी वा सार्वजनिक यातायातलाई अनुमति नदिने, खरिद गरिसकेकाहरूको नवीकरण रोकिदिने ! यसले सडकको दुरुपयोग निरुत्साहित हुन्छ । अन्धाधुन्ध सवारीसाधनको आयात निरुत्साहित हुन्छ ।

☛समानुपातिक विकासको अवधारणाको मर्मअनुसार पनि उपत्यका बाहिर स्कुल, कलेज, अस्पताल, उद्योग आदि खोल्न प्रोत्साहित गर्ने र उपत्यकामा कुनै पनि प्रकारको अफिस आदि स्थापित गर्दा आवश्यकता अनुसारको आफ्नै पार्किङ अनिबार्य हुनुपर्ने नीति बनाउनुपर्छ। यसो गर्दा उपत्यकामा जनसंख्या बढ्न निरुत्साहित हुन्छन् र बसाइँसराइ असहज बनाउने र कम्तिमा २० प्रतिशत जनसंख्या घटाउने नीति योजना बनाउनुपर्छ । उपत्यकाले सम्पूर्ण देशसहित छिमेकी देशको ठुलो जनभार ब्यहोर्न सक्दैन करको दर बढाएर भएपनि उपत्यका छोड्ने यता बसाइँसराइ प्रोत्साहित नहुने नीति निर्माण हुनुपर्छ, जसले उपत्यका बाहिर लगानी गर्ने रोजगारी बढाउने काम हुन्छ ।

☛बढीमा दुई वर्षको समय दिएर कम्तिमा ५० वटा बस सार्वजनिक यातायात मात्र सञ्चालन अनुमति दिने, व्यक्तिगतलाई नदिने ! त्यसो भयो भने अहिलेको जस्तो सडक अवरुद्ध पार्ने, ढिला गर्ने, अनुशासनहीन प्रतिष्पर्धा गर्ने, यात्रीलाई भेँडाबाखा जस्तो दूर्व्यवहार गर्ने लज्जास्पद व्यवहार रोकिन्छ। हाम्रो सार्बजनिक यातायात बालक, वृद्ध र बिरामीका लागि उपयुक्त छैन, अपाङ्गमैत्री छैन पब्लिक सवारीसाधनका मालिकहरूलाई एकअर्कामा मर्ज हुन राज्यले नीति बनाएर प्रोत्साहन गर्नुपर्छ, सहयोगी भूमिका निभाउनुपर्छ । र, २१औं शताब्दीको सार्बजनिक यातायात कुन स्तरको हुनुपर्छ यात्रीको कदर कसरी गर्नुपर्छ- त्यो कार्यान्वयन भयो भने निजी साधन प्रयोग गर्नुपर्ने बाध्यता हट्छ अनि सडक आफै खुल्ला हुन्छ। एक बसबराबर ३० वटा मोटरसाइकल मान्ने हो भने १०० मिटर सडक स्वतः खुल्ला हुन्छ ।

☛उपत्यकालगायत सबै शहरको खास-खास द्रुत गतिमा सवारी साधन चल्ने सडकमा ठेलागडा ब्यबसायिक उद्देश्यका सामान बोकेका साइकललाई निषेध गरी साइकल लेन निर्माण गर्न ढिला भैसकेको छ ।

☛सरकारी कार्यालयहरू मन्त्रालय देखि तल्लोस्तरका कार्यालयमा निःशुल्क बस सञ्चालन गर्ने ! यसबाट सरकारी सवारी साधनलाई सडकमा न्यूनीकरण गर्न सकिन्छ। र, सरकारी गाडी सुविधाप्राप्त कर्मचारीलाई कार्यालयको समयमा मात्र चलाउन पाउने तर आउने-जाने भने यही सटलबाट मात्र हुनुपर्ने नीति बनायौं भने सडक खुल्ला र ट्राफिक सहज हुन्छ। अमेरिका लगायत सबै सुशासन भएका देशले अपनाएको नीति पनि यही हो ।

☛राणाकालमा गाडी थिएन, सडकमा ट्राफिक बत्ती थियो, तर आज राजधानीमासमेत स्तरीय ट्राफिक बत्तीको ब्यवस्था गर्न नसक्ने ! कस्तो निकम्मा शासक/प्रशासक !

☛अनुशासनहीन चालकको लागि ट्राफिक प्रहरीलाई सहज बनाउन तत्काल ट्राफिक अदालत गठन अपरिहार्य छ । मन्दिर नै मन्दिरको राजधानीको सहरमा एकाध घण्टा पैदल हिँड्न प्रोत्साहन गर्ने गरी सुरक्षित सडक र पैदल मार्ग निर्माण गरिनुपर्छ । सवारीसाधनको भण्डार होइन 'स्वच्छ स्वस्थ मनोरम अलका पुरी कान्तिपुरी नगरी'को पुनर्स्थापना हुनुपर्छ ।

: समाप्त :

नेपाल "ए" ले जित्यो एकदिवसीय अभ्यास

काठमाडौं/स्कटल्यान्डलाई अन्तिम खेलमा डीएलएस प्रणालीका आधारमा नौ रनमा पराजित गर्दै नेपाल 'ए' ले स्कटल्यान्ड र अमेरिका सम्मिलित एकदिवसीय अभ्यास श्रृंखला जितेको छ ।

नेपाल 'ए' ले चारमध्ये तीन खेल जित्दै श्रृंखला जितेको हो । घरेलु टोलीले पहिलो खेलमा स्कटल्यान्डलाई ४५ र दोस्रो खेलमा अमेरिकालाई तीन विकेटले पराजित गर्‍यो । शनिबार मूलपानीस्थित माथिल्लो क्रिकेट मैदानमा घरेलु टोलीबीचको खेल वर्षाका कारण ३४.५ ओभरमा बिचैमा रोकिएको थियो ।

यो स्थितिमा स्कटल्यान्डले प्रस्तुत गरेको ३०३ रनको लक्ष्य पछ्याएको घरेलु टोलीले चार विकेट गुमाएर २०४ रन बनाएको थियो । यसपछि, डिएलएस प्रणालीका आधारमा अम्पायरले लक्ष्यलाई १९५ रनमा छोट्याएका थिए । जसमा अनुसार नेपाल नौ रनले विजयी भएको हो ।

नेपालको जितमा अविजित रहेका सन्दीप जोराले ८३ रनको अर्धशतकीय पारी खेले । सन्दीपले ९४ बलमा नौ चौका प्रहार गरे । ओपनर तृतराज दासले २४ बनाए। बसिर अहमदले २० रन बनाउँदा ओपनर मयन यादवले १२ रन बनाए।

स्कटल्यान्डका ब्राडली करी, मार्क वाट, ओलिभर डेविडसन र माइकल लिस्कले समान एक विकेट लिए । त्यसअघि पहिलो इनिङमा टस जितेर ब्याटिङ रोजेको स्कटल्यान्डले घरेलु टोलीविरुद्ध निर्धारित ५० ओभरमा आठ विकेट गुमाएर ३०२ रनको योगफल खडा गरेको थियो ।

स्कटल्यान्डको निम्ति ओपनर जर्ज मुन्सेले ६२ रनको अर्धशतकीय पारी खेले । मुन्सेले ५१ बलमा ६ चौका र तीन छक्का प्रहार गरे । माइकल इंग्लिसले ५६ रन बनाउँदै टोलीको निम्ति दोस्रो अर्धशतकीय पारी खेले । इंग्लिसले ५७ बलमा तीन छक्का प्रहार गरे ।

रिची बेरिंटनले ४० रन बनाए। ब्रान्डन म्याकमुलेन ३९ जोडे। ज्यका ग्रिभिस र ओपनर फिन्ले म्याकक्रिथले समान ३० रन बनाउँदा म्याथ्यु क्रसले २५ रन बनाए। यस्तै आकाश चन्दले तीन विकेट लिँदा शेर मल्ल, विपिन खत्री, पवन सराफ र कुशल मल्लले एक विकेट लिए ।

अब नेपाल 'ए' ले श्रृंखलाको अन्तिम खेलमा आज अमेरिकासँग खेल्ने तालिका छ। क्रिकेट विश्वकव लिग २ को पूर्वसन्ध्यामा यो प्रतियोगिता आयोजना गरिएको हो । आगामी सोमबारदेखि अमेरिका, स्कटल्यान्ड र नेपालले लिग-२ अन्तर्गत एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट खेल्ने तालिका छ ।

अब एक 'मिस कल' मै

नेपाली कांग्रेसको सदस्यता

काठमाडौं/नेपाली कांग्रेसले क्रियाशील सदस्यता अद्यावधिक सहजीकरणका लागि मोबाइल नम्बर प्रयोगमा ल्याएको छ । कांग्रेसले सदस्यता अद्यावधिकको सहजताका लागि ९७०१२५५५५५ नम्बरको मोबाइल प्रयोगमा ल्याएको हो ।

नेपाली कांग्रेसको क्रियाशील सदस्यता डिजिटल प्रणालीमा अध्यावधिक गर्ने कार्य देशैभरिका (६७४३ वटै) वडाहरूमा उत्साहपूर्वक भइरहेको विषय सर्वविदितै छ ।

क्रियाशील सदस्यहरूले उक्त नम्बर 'मिस कल' गरेमात्रै पुग्ने क्रियाशील सदस्यता छानबिन समिति संयोजक एवम् महामन्त्री प्रदीप पौडेलले बताए ।

'क्रियाशील सदस्यले नम्बरमा मिस कल गर्नुहुन्छ । मिस कल गरेपछि हामीसँग रेकर्ड हुन्छ,' उनले सञ्चारकर्मीसँग भने, 'त्यो नम्बरमा हामी फोन गरेर समस्या सोध्छौं । समस्या सोधेर हल गर्दिन्छौं र वडा सभापतिलाई हामीले आफैं पठाइदिन्छौं ।'

कांग्रेसले क्रियाशील सदस्यता अद्यावधिक गराउने प्रक्रियाका लागि ९७०१२५५५५५ नम्बरमा आफ्नो आधिकारिक मोबाइल नम्बर सूचीकृत गराउनका लागि एकपटक सम्पर्क गर्न निर्देशनसमेत दिएको छ ।

वडा सभापतिमार्फत् क्रियाशील सदस्यता अद्यावधिक गर्नका लागि सूचिकृत भएका नम्बरमार्फत् फाराम भर्ने प्रक्रिया सहज र छिटो हुने कार्यवाहक मुख्य सचिव कृष्णप्रसाद दुलालले जानकारी दिए । 'नेपाली कांग्रेसको क्रियाशील सदस्यता डिजिटल प्रणालीमा अद्यावधिक गर्ने कार्य देशैभरिका (६७४३ वटै) वडाहरूमा उत्साहपूर्वक भइरहेको उनले बताए ।

कोल्डस्टोर बनाउने होडबाजी

विराटनगर/कोशी प्रदेश सरकारको ७५ प्रतिशत सहयोगमा बेलका नगरपालिका-१ मा साढे २ करोड रुपैयाँ हाराहारी लगानीमा ५ सय मेट्रिक टन क्षमताको कोल्डस्टोर निर्माण भयो । आर्थिक वर्ष २०७७/०७८ मा निर्माण भएको यो कोल्ड स्टोर अझै सञ्चालन भएको छैन ।

सञ्चालनका लागि कार्यविधि निर्माणको चरणमा रहेको बेलका नगरपालिकाको कृषि विकास शाखाका कृषि इन्जिनियर हिमाल गुरागाईं बताउँछन् । कोल्डस्टोर सञ्चालन हुन नसक्नुमा विद्युत् आपूर्तिलगायतका समस्या रहेको उनको भनाइ छ ।

पाँचथरको मिक्लाजुङ गाउँपालिका-४ मा प्रदेश सरकारको ८० प्रतिशत लगानी र पालिकाको २० प्रतिशत लगानी गरेर झण्डै ६५ लाखमा निर्माण भएको कोल्डस्टोर विद्युतको समस्या भएरै चल्न नसकेको पालिकाका अध्यक्ष अमरराज माखिम बताउँछन् । त्यसका अलावा दक्ष प्राविधिकको पनि अभाव र राख्ने कृषि उपज पनि नभएको उनको भनाइ छ ।

'सुन्तला राख्ने भनेको थियो । किसानहरू एकमुष्ट बेच्छौं भन्छन्, राख्नै मान्दैनन्,' माखिमले भने । विद्युत् नियमित आउने र भोल्टेजको समस्या नहुने हो भने कृषिजन्य वस्तु उत्पादक किसानलाई मनाएर कोल्डस्टोर चलाउन सकिने उनको दाबी छ ।

सुनसरीको रामधुनी-६ मा टिम अफ बहुउद्देश्यीय कृषि फर्मले निर्माण गरेको कोल्डस्टोरमा प्रदेश सरकारले ७५ प्रतिशत लगानी गरेको छ। २५ लाखभन्दा बढी लगानी गरेको यो कोल्डस्टोर हाल बन्द अवस्थामा छ। उक्त सहकारीका सम्पर्क व्यक्ति टेकबहादुर तामाङले कोल्डस्टोर चलाउन नसकिएको स्वीकार गरे ।

तेह्रथुम म्याङ्लुङमा प्रदेश सरकार र कियाचु कृषि सहकारी संस्थाको संयुक्त लगानीमा तरकारी फलफूललाई अस्थायी भण्डारण गर्न १ हजार मेट्रिक टन क्षमताको भव्य कोल्डस्टोर बनाइयो । उक्त कोल्ड स्टोरमा कोशी प्रदेश सरकारले २ करोड ४७ लाख रुपैयाँ लगानी गरेको छ । सहकारीले पनि सोही बराबरको लगानी गरिसकेको सो संस्थाका निवर्तमान अध्यक्ष तेजमान कन्दङ्वा बताउँछन्। उक्त कोल्डस्टोर सञ्चालन भइरहे पनि कहिलेसम्म चल्छ भन्ने टुङ्गो छैन ।

कोल्डस्टोर कसरी चलाउने भन्ने विषयमा अन्योल रहेको कन्दङ्वा बताउँछन् । 'सबैभन्दा ठुलो समस्या बिजुलीको हो । मासिक ३४-३५ हजार रुपैयाँ त बिजुलीको बिलमात्रै आउँछ। यत्रो ठुलो संरचना छ, तर सञ्चालन पुँजीको अभावले पूर्ण रूपमा चलाउन सकेका छैनौं,' उनले थपे, 'चार वटा च्याम्बर छन्, तर रोटेसन गरेर जम्मा दुई-तीन वटा मात्रै चलाइरहेका छौं ।'

सिजनमा अलि-अलि आलु, किवी र सुन्तला राख्ने गरे पनि त्यसको भाडाले सञ्चालन खर्च पनि नउठ्ने कन्दङ्वाले बताए । उनले भने, 'किसानलाई बानी पार्न सस्तो गर्नुपर्छ, सस्तो गर्दा बिजुलीको बिल तिर्न पुग्दैन ।'

कोशी प्रदेशमा प्रदेश सरकारले कृषि आधुनिकीकरणको नाममा निर्माण गरिएका कोल्ड स्टोर (चिस्यान केन्द्र)हरूमा करोडौं बजेट खन्याएको छ ।

प्रदेशको उद्योग, कृषि तथा सहकारी यद्यपि उनले दिएको १२ वटा कोल्डस्टोरमा मात्रै ५ करोड ६३ लाखभन्दा बढी लगानी भएको छ। १२ वटा योजनाको साढे ५ करोड भन्दा बढी लगानी भएको छ भने ६३ वटै संरचनाको लगानी जोड्ने हो भने यो आँकडा निकै ठुलो बन्न सक्दछ ।

अधिकारीका अनुसार प्रदेश सरकार र मातहतका कार्यालयहरूबाट बनाएका अरु ६० वटा कोल्डस्टोरको लगानी प्रतिगोटा ५ लाखभन्दा माथि भएको छ । 'कति पयको ५ लाख भएको छ कतिपयको १० लाखसम्म पनि होला,' उनले भने ।

झापाको भद्रपुरमा रहेको १ हजार मेट्रिक टन क्षमताको कोल्ड स्टोर 'मर्मत कार्य भइरहेको' भन्दै थन्किएको छ । सुनसरीको देवानगञ्जमा रहेको १२ हजार मेट्रिक टनको विशाल शितभण्डार र इटहरीको ६० टनको स्टोर 'निर्माण कार्य बन्द' भएर बसेका छन् ।

त्यस्तै, सुनसरीको बराह क्षेत्रमा रहेको ३० टन क्षमताको सुन्दर कृषि फार्म र धरानको २०० टनको थोक बजारमा चिस्यान केन्द्रहरू पूर्ण क्षमतामा चल्न सकेका छैनन् । सोलुखुम्बु र संखुवासभा जस्ता हिमाली जिल्लाहरूमा ५ देखि १० मेट्रिक टन क्षमताका साना-साना चिस्यान केन्द्रहरू निर्माण गर्ने होड चलेको देखिन्छ ।

आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा



आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ । स्थानः रातोमाटे भोर्ले ।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

‘अकाल’ मृत्युको कारक बन्दैछ मोटरसाइकल दुर्घटना

सन्देश संवाददाता

जनकपुरधाम/मधेसमा सडक दुर्घटनाको सबैभन्दा ठुलो जोखिम मोटरसाइकल बनेको देखिएको छ। कुल सवारी दुर्घटना मध्ये झण्डै दुई तिहाइ मोटर साइकल दुर्घटना नै हुने गरेका प्रहरीको तथ्यांकले देखाएको छ।

चालु आव २०८२/८३ को चैत मसान्तसम्म ८६२४ वटा सवारी साधन दुर्घटनामध्ये ५९७५ वटा मोटरसाइकल रहेका छन्।

मधेस प्रहरीका सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक कमल थापाका अनुसार चैत मसान्तसम्म मधेसका जिल्लामध्ये धनुषामा सबैभन्दा बढी मोटर साइकल दुर्घटना भएको छ। धनुषामा १०४८ वटा मोटर साइकल दुर्घटना भएको तथ्यांक छ। सवारी दुर्घटनामा परी ३९८ जनाको मृत्यु भएको छ भने १४०९ जना गम्भीर घाइते र ८३२९ जना सामान्य घाइते भएका छन्। तथ्यांकअनुसार सवारी दुर्घटनामा मृत्यु हुनेमध्ये अधिकांश मोटर साइकल दुर्घटनामा परेका व्यक्तिहरू नै रहेका छन्।

चालु आवको चैत मसान्त सम्ममा अन्य जिल्लामध्ये सप्तरीमा २९४, सिराहामा ७४०, महोत्तरीमा ५६८, सलाहीमा ९९४, रौतहटमा ८२१, बारामा ८४२ र पर्सामा ७१८ मोटरसाइकल दुर्घटना भएका छन्।

गत आर्थिक वर्ष २०८१/८२ मा १०६७९ वटा सवारी साधन दुर्घटनामा परेकोमा ७२०१ वटा मोटरसाइकल नै रहेको प्रहरीले जनाएको छ भने आव २०८०/८१ मा ८५२९ वटा सवारी साधन दुर्घटनामा परेकोमा ५९२६ वटा मोटरसाइकल दुर्घटना भएको प्रहरीले जनाएको छ।

आव २०७९/८० मा ८३७६ वटा सवारी साधनहरु दुर्घटनामा परेकोमा ५७४५ वटा मोटरसाइकल रहेका छन्। त्यस्तै आव २०७८/७९ मा ८३०२ वटा सवारी साधन दुर्घटनामध्ये ५४१८ वटा मोटरसाइकल थिए। आव २०७७/७८ मा ५८११ वटा सवारी साधन दुर्घटनामा परेकोमा ३७३७ वटा मोटरसाइकल रहेका थिए।

यी पाँचवटै आवमा सबैभन्दा बढी मोटरसाइकल दुर्घटना धनुषा जिल्लामै भएको देखिएको छ। तथ्यांकअनुसार धनुषामा २०८१/८२ मा ११८७, २०८०/८१ मा १०८२, २०७९/८० मा ९५८ र २०७८/७९ मा ९०२ मोटरसाइकल दुर्घटना भएको देखिन्छ।

प्रदेश प्रहरी कार्यालयका प्रमुख डीआईजी गोविन्द थपलियाका अनुसार मोटरसाइकल दुर्घटना बढ्नुको प्रमुख कारण तीव्र गति, लाइसेन्स नभएका युवाहरूले चलाउनु तथा लागूऔषध र मादक पदार्थ सेवन गरी चलाउनु हो। उनले उमेर नपुगेका र लाइसेन्स नभएका युवाहरूले तीव्र गतिमा चलाउँदा तथा लागूऔषध र मादक पदार्थ सेवन गरेर सवारी चलाउँदा अनियन्त्रित भई अन्य सवारीको तुलनामा मोटरसाइकल दुर्घटना बढी हुने गरेको बताए।

सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले समयसमयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ। दुर्घटनाको प्रमुख कारणमध्ये लागू पदार्थ सेवन न्यूनीकरणका लागि प्रदेशका सबै जिल्लामा सेवनकर्तालाई सुधार र पुनःस्थापनामा ल्याउने लक्ष्यसहित प्रदेश प्रहरी कार्यालयले ‘लागूऔषध सेवनकर्ता खोजी एवम् सुधार महाअभियान २०८३’ वैशाख २५ गते शुक्रबार नगराइन नगरपालिका बाट गुहा तथा सञ्चारमन्त्री फकिरा महतोको प्रमुख आतिथ्यमा सुरु गरिएको थियो।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया बाराका ट्राफिक प्रहरी उपरीक्षक राजकुमार भिलवालका अनुसार मोटरसाइकल दुर्घटना बढी हुनुको मुख्य कारण तीव्र गति हो। उनका अनुसार लागूऔषध र मादक पदार्थ सेवन गरी आफूलाई बढी स्मार्ट देखाउने उद्देश्यले तीव्र गतिमा मोटरसाइकल चलाउँदा दुर्घटना बढ्ने गरेको छ। यसमा अधिकांश उमेर नपुगेका तथा २५ देखि ३० वर्ष उमेर समूहका युवाहरू बढी संलग्न हुने गरेका छन्।

यही वैशाख महिनाभित्र पनि विभिन्न ठाउँमा मोटरसाइकल दुर्घटनाका घटना भएका छन्। वैशाख १२ गते धनुषाको गणेशमान चारनाथ नगरपालिका-४ स्थित पूर्वपश्चिम राजमार्गमा भएको मोटर साइकल दुर्घटनामा महोत्तरीको पिपरा गाउँपालिका-७ निवासी २१ वर्षीय अतुल चौधरीको मृत्यु भएको थियो। प्रहरीका अनुसार चितवनबाट पूर्व गाईघाटतर्फ जाँदै गरेको प्रदेश २-०३-००१ ख १०११ नम्बरको बस र विपरीत दिशाबाट आउँदै गरेको मधेस प्रदेश ०२-०१० प १२३७ नम्बरको मोटरसाइकल आपसमा ठोक्किँदा दुर्घटना भएको थियो।

वैशाख ८ गते धनुषाको ढल्केवरमा मोटरसाइकलको ठक्कर बाट एक महिलाको मृत्यु हुनुका साथै शिशुसहित ३ जना घाइते भएका थिए। धनुषा प्रहरीले जनाएको अनुसार मिथिला नगरपालिका-६ ढल्केवरकी ३१ वर्षीया विनिता कुमारी महतोको मृत्यु भएको थियो भने दुर्घटनामा १६ वर्षीया अनुष्का कुमारी महतो र आठ महिनाकी बालिका घाइते भएका थिए।

वैशाख १६ गते पथलैया-बीर गञ्ज सडकखण्डअन्तर्गत डाबर नेपाल अगाडि मोटरसाइकल दुर्घटनामा परी पर्साको पोखरिया बाट गृह तथा सञ्चारमन्त्री फकिरा महतोको प्रमुख आतिथ्यमा सुरु गरिएको थियो।

जलेश्वर नगरपालिका-४ की सुनेना यादवका अनुसार लाइसेन्स नभएको व्यक्तिले दुर्घटना गरेको वा ट्राफिक नियम उल्लंघन गरेको अवस्थामा तथा लापसे वा मापसे गरेको अवस्थामा पनि ठोस कारवाही नगरी जरिवाना मात्रै लिएर छाड्ने गरिएकोले चालक-हरूको मनोबल बढ्दै दुर्घटना बढिरहेको छ।

वैशाख २५ गते लक्ष्मीनिया गाउँपालिका-४ सपही, जनकपुर-ढल्केवर सडकखण्डमा ढल्केवरबाट जनकपुरतर्फ आउँदै गरेको बाघ ०१-०३१ च ९०६३ नम्बरको स्कर्पियो गाडीले बाटो काट्ने क्रममा सपहीकी ३० वर्षीया पुनमदेवी साह सवार स्कुटीलाई ठक्कर दिँदा उनी गम्भीर घाइते भएकी थिइन्। उपचारका क्रममा प्रादेशिक अस्पताल जनकपुर धाममा उनको मृत्यु भएको थियो।

यी घटनामा मोटरसाइकल दुर्घटनाको प्रमुख कारण तीव्र गति रहेको र दुर्घटनामा पर्ने अधिकांश युवावर्ग नै रहेको देखिन्छ। प्रहरीको तथ्यांकअनुसार पनि मोटरसाइकल दुर्घटनामा पर्ने अधिकांश युवा नै हुने गरेका छन्। तीमध्ये धेरैजसो लाइसेन्स नभएका हुने प्रवक्ता बकिलबहादुर सिंहले बताए।

दुर्घटना न्यूनीकरण प्रभावकारी नहुनुको प्रमुख कारण सरकार न्यूनीकरणतर्फ नलागी राजस्व संकलनमा केन्द्रित हुनु, ठोस कानुनको अभाव तथा सामाजिक व्यवहारिकता रहेको जनकपुरधाम उपमहानगरपालिका-२३ का स्थानीय अभी ठाकुरले बताए। ठाकुरका अनुसार सरकारले राजस्व संकलनका लागि मोटरसाइकल बढीभन्दा बढी बिक्री गर्न दिने तर लाइसेन्स सीमित संख्यामा मात्रै वितरण गर्ने गरेको छ। यसबाट सरकारलाई मोटरसाइकल बिक्री र लाइसेन्स नभएका कारण लाग्ने जरिवाना दुवैबाट राजस्व उठाउने अवसर मिलेको छ।

अटिजम भएका बालबालिकाको व्यवस्थापनसम्बन्धि तालिम

सन्देश संवाददाता

रत्ननगर/रत्ननगर-१३, अमिलियास्थित श्री राष्ट्रिय आधार-भूत विद्यालयमा अटिजम भएका बालबालिकाको व्यवस्थापनसम्बन्धि दुईदिने शिक्षक तथा अभिभावक तालिम सुरू भएको छ।

रत्ननगर नगरपालिकाको सहयोगमा आयोजित तालिमको औपचारिक कार्यक्रमबीच उद्घाटन गरिएको हो। घर तथा विद्यालयमा अटिजम भएका बालबालिकालाई कसरी स्याहार र व्यवस्थापन गर्न सकिन्छ भन्ने उद्देश्यले वैशाख २६ र २७ गतेका लागि यो तालिम आयोजना गरिएको हो।

तालिमको उद्घाटन सत्र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नरहरि पुरीको सभापतित्वमा सम्पन्न भएको थियो। कार्यक्रममा रत्ननगर नगरपालिकाको नगरस्त-रीय सामाजिक विकास समिति संयोजक तथा रत्ननगर-३ का वडाध्यक्ष सोहेन्द्रराज खरेल प्रमुखअतिथि रहेका थिए। यस्तै, विशिष्टअतिथि रत्ननगर-१३ का वडाध्यक्ष पोटबहादुर घिमिरे र रत्न नगर-५ का वडाध्यक्ष बालकृष्ण चापागाईको उपस्थिति रहेको थियो।

शिक्षिका सरु पौडेलले सञ्चालन गरेको कार्यक्रममा कार्यपालिका सदस्यहरू यशोदा अधिकारी, बबिताकुमारी चौधरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख दीपा घिमिरे, शिक्षा शाखा अधिकृत निता कट्टेललगायतको सहभागिता रहेको थियो । यस्तै, अटिजम केयर सोसाइटी चितवनका अध्यक्ष सुनिल गैरे, आधारभूत स्वास्थ्य सेवाकेन्द्र रत्ननगर-१५ की इन्चार्ज रोजिना गिरी, विद्यालय व्यवस्थापन समितिका सदस्य ज्योति भट्ट र शिक्षक अभिभावक संघका अध्यक्ष युवराज खतिवडालगायतको आतिथ्यता रहेको थियो।

तालिममा चितवनसहित वीरगञ्ज (पर्सा), मकवानपुर, र नवलपरासीलगायतका क्षेत्रबाट ८० जनाको सहभागिता रहेको छ। जसमा मुख्यगरी अटिजम भएका बाल-बालिकाका अभिभावक र शिक्षकहरू सहभागी छन्। सहभागीहरूलाई विषय विशेषज्ञहरूले प्रशिक्षण दिने व्यवस्था मिलाइएको छ। समावेशी शिक्षा तथा पेडियाट्रिक फिजियोथे-रापिस्ट समितकुमार कतिला, बाल मनोविज्ञ (चाइल्ड साइकोलोजिष्ट) सिम्रन बस्न्यात र स्पीच थेरापिष्ट सुप्पा लामिछानेले यस तालिममा सहजीकरण गरेका छन्।

कार्यक्रममा विद्यालयमा सञ्चालित अटिजम केयरको वर्तमान अवस्था र चुनौतीहरूको बारेमा पनि जानकारी गराइएको थियो। हाल यस विद्यालयको अटिजम कक्षामा दुईजना स्वयम्सेवी शिक्षक र एकजना सहयोगी शिक्षकले मात्र सेवा दिइरहेका छन्। पहिलेदेखि नै २६ जना विद्यार्थी अध्ययनरत रहेको यस केन्द्रमा हाल जारी नयाँ भर्ना अभियानमार्फत् थप ७ जना नयाँ बालबालिका जोडिएका छन् भने भर्ना अभियान अझै जारी छ।

विद्यार्थीहरूको संख्या बढ्दै गए पनि विद्यालयमा यसको व्यवस्थापनका लागि दक्ष जनशक्ति, आवश्यक भौतिक पूर्वाधार र बालबालिकाको लागि खेल्ने बाल उद्यान (पार्क) को भने निकै अभाव देखिएकोले त्यसको लागि व्यवस्थापन गरिने विद्यालयले जनाएको छ।

मुग्लिन सडक विस्तार ठप्प हुनु चिन्ताजनक

सन्देश संवाददाता

काठमाडौं/उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले उपत्यकालाई जोड्ने मुगलिन सडक विस्तार रोकिनु अत्यन्त चिन्ताजनक विषय भन्दै दुःख व्यक्त गरेका छन्। यसबारे शनिबार फेसबुकमार्फत अध्यक्ष घिसिङले सरकारको ध्यानाकर्षण गराएका छन्।

‘काठमाडौं उपत्यकालाई देशसँग जोड्ने मुख्य जीवनरेखा नागढुङ्गा-नौबिसे-मुग्लिन सडक विस्तार कार्य हाल लगभग ठप्प अवस्थामा पुगेको देखिनु अत्यन्त चिन्ताजनक विषय हो,’ उनले भनेका छन्। उनले आफू भौतिक पूर्वाधार तथा यातायात मन्त्री हुँदा आवश्यक पहल र समन्वयका कारण उक्त सडकको निर्माण कार्यले तीव्रता लिएको दाबी गरेका छन्।

‘तर अहिले निर्माण सामग्री अभाव, मूल्यवृद्धिलगायतका कारण देखाउँदै काम रोकिँदा हजारौं यात्रु जोखिमपूर्ण र कष्टकर यात्रा गर्न बाध्य भएका छन्। विशेषगरी वर्षायाम नजिकिँदै गएको अवस्थामा यो सडकको काम रोकिरहनु थप गम्भीर विषय बनेको छ,’ उनले भनेका छन्।

यो सडकबाट दैनिक करिब १५ हजार सवारी साधन आवत जावत गर्ने उल्लेख गर्दै सडक विस्तारमा ढिलाइ हुँदा दुर्घटनाको जोखिम, लामो जाम, आर्थिक क्षति र जनसाधारणको दुःख भन् बढ्ने निश्चित बनेको उनले बताएका छन्।

‘यो केवल सडक निर्माणको विषय होइन, राजधानीको आपूर्ति, अर्थतन्त्र र नागरिकको दैनिक जीवन सँग जोडिएको संवेदनशील सवाल पनि भएको छ,’ अध्यक्ष घिसिङले अगाडि भनेका छन्, ‘त्यसैले निर्माण कार्य तत्काल सुचारू गरी प्रभावकारी ढंगले अघि बढाउन सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउँदछु।’ हालै भएको निर्माण सामग्रीको मूल्यवृद्धिले निर्माण व्यवसायीको जायज मागलाई सम्बोधन गराउनसमेत उनले नेपाल सरकारसँग आग्रह गरेका छन्।

कानुन दोषीका लागि भय र निर्दोषका लागि सहारा बन्नुपर्छः राष्ट्रपति

सन्देश संवाददाता

काठमाडौं/राष्ट्रपति रामचन्द्र पौडेलले कानुन दोषीका लागि भय र निर्दोषका लागि आशा, भरोसा र सहारा हुनुपर्ने बताएका छन्। राष्ट्रपति पौडेलले कानुन दिवस २०८३ का अवसरमा शनिवार काठमाडौंमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै सो धारणा व्यक्त गरेका हुन्।

विधिद्वारा स्थापित पद्धति र परम्पराको पालना तथा कार्यान्व-यनमा तलमाथि हुन थाल्यो भने त्यसको प्रतिकूल प्रभावले मानव समाज भयभीत हुन थाल्दछ भन्ने पनि हामीले बिर्सन हुन्न भन्ने उनको भनाइ थियो । ‘त्यसैले सुशासन, अमन, शान्ति, समृद्धि र मर्यादाका लागि विधि र थिति औजार र उपचार दुवै हुन् भनेर सम्झने र बुझ्ने पुनीत दिनलाई नै कानुन दिवसको रूपमा मनाइन्छ, कानुन दिवसको यही मर्मलाई आत्मसात् गर्न सके मात्र आत्मनिर्भर र सम्बद्ध नेपालको कल्पना गर्न सकिन्छ’, उनले भने ।

राष्ट्रपति पौडेलले नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका एवम् कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिबद्ध प्रणालीको व्यवस्था गरेको बताए।

साथै उनले नेपालको संविधानको मर्म एवं वर्तमान आवश्यकतालगायतका नयाँ कानुनको निर्माण र प्रचलित कानुनमा समसामयिक सुधार गरी आधुनिक पद्धति र प्रविधिसमेतको प्रयोगबाट आमनागरिकको न्यायमा सहज पहुँच स्थापित गर्ने, मुद्दाको शीघ्र व्यवस्थापन मार्फत छिटोछरितो न्याय सम्पादन गर्ने, विधिको शासन कायम गर्ने तथा न्यायिक मूल्य मान्यतामा क्षयीकरण हुन नदिई न्यायपालिकाको जनआस्था अभिवृद्धि गर्ने सुनिश्चि-तताका लागि कानुन दिवससले सबैमा सकारात्मक सोच, हौसला र प्रेरणा प्रदान गर्न सकोस् भन्ने शुभेच्छा व्यक्त गरे।

कार्यक्रममा उपराष्ट्रपति राम सहायप्रसाद यादव, कार्यमुकाय्म प्रधानन्यायाधीश सपना प्रधान मल्ल, सभामुख डोलप्रसाद अर्याल, राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाल लगायत उच्च पदस्थ अधिकारी हरूले कानुनको पालनमै एकमात्र उपाय हुनसक्ने बताए।

सोमबारदेखि सबै सरकारी कार्यालयमा सरसफाइ

सन्देश संवाददाता

काठमाडौं/आगामी सोमबार देखि सरकारी कार्यालयमा ‘राष्ट्रिय सरसफाइ सप्ताह’ सञ्चालन हुने भएको छ। सरकारले सोमबारदेखि जेठ १ सम्म संघ, प्रदेश र स्थानीय तहका सबै कार्यालयमा सरसफाइ सप्ताह सुरु गर्न थालेको हो।

त्यसका लागि सरसफाइ सप्ताह सञ्चालनसम्बन्धि मार्ग निर्देशन २०८३ समेत जारी गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका साथी अधिकृत सुवर्ण बजाचार्यले जानकारी दिए।

सबै सरकारी निकाय तथा शैक्षिक संस्थामा स्वच्छ, स्वस्थ र व्यवस्थित वातावरण कायम गर्न र सरसफाइसम्बन्धि आचारण विकास गर्न सरसफाइ सप्ताह सञ्चालन गर्न थालिएको उनले जानकारी दिए। सप्ताह सञ्चालन गर्न सबै संघ, प्रदेश र स्थानीय तहलाई पत्राचार गरिसकेका छौं उनले भने।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा सोमबार बिहान ८:३० बजे वीर अस्पतालबाट सरसफाइ सप्ताहको शुभारम्भ गरिने र सोही समयदेखि देशभर हुने मन्त्रालयका सहप्रवक्ता डा. समीर कुमार अधिकारीले जानकारी दिए।

स्वच्छ शहर स्वस्थ शहर

- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं,
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं,
- सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदूषण कम गरौं,
- सडकको समयसमयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौं: सुन्दर बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

फिवा एसिया कप प्रि-क्वालिफायरमा नेपाल समूह ए मा

सन्देश संवाददाता

काठमाडौं/फिवा एसिया कप बास्केटबल २०२९ प्रि क्वालिफायर-संमा नेपाल समूह ए मा परेको छ।

फिवाले शुक्रबार फिवा एसिया कप प्रि क्वालिफायर्स पहिलो चरणको ड्र सार्वजनिक गरेको हो। फिवा एसिया कप २०२९ क्वालिफा-यरका खेलहरु २०२६ अगष्टदेखि २०२९ फेब्रुअरीसम्म सञ्चालन हुनेछ। त्यसअन्तर्गत फिवा एसिया कप प्रि क्वालिफायर्स अगष्ट २४ देखि सेप्टेम्बर १ (२०८३ भदौ ८ देखि १९) सम्म एसियका विभिन्न देशहरुमा सञ्चालन हुनेछ। प्रि क्वालिफायर्समा एसियाका १७ र ओसियाका क्षेत्रका १ गरी कूल १७ राष्ट्रहरुले प्रतिस्पर्धा गर्नेछन्।

नेपाल रहेको समूह ए मा बहराइन, युएई, कुवेत र ओमान छन्। यस समूहको खेल युएईको दुबईमा हुनेछ। यस्तै समूह बी मा काजखस्तान, प्यालेस्टाइन, श्रीलंका, माल्दिभ्स र कीर्गिस्तान छन्। यस समूहको खेल काजाखस्तानको अलमाटीमा हुनेछ।

समूह सी मा इन्डोनेसिया, मलेसिया र सिंगापुर तथा समूह डी मा थाइल्यान्ड, मंगोलिया, भियतनाम र फिजी रहनेछन्। समूह सी को छनोट मलेसिया र समूह डी को छनोट मंगोलियामा हुनेछ। प्रि क्वाफायर्सको हरेक समूहबाट शीर्ष तीन टिम दोस्रो चरणमा प्रवेश गर्ने फिवाले जनाएको छ।

दोस्रो चरणमा छनोट भएका टिमलाई दुई समूहमा विभाजन गरिनेछ। दुवै समूहमा समान ६ टिम हुनेछन्। दुवै समूहको शीर्ष ४-४ टोली फिवा एसिया कप २०२९ क्वालिफायर्समा छनोट हुनेछन्।

आशिका तामाङलाई स्पष्टिकरण सोध्ने रास्वपाको तयारी

सन्देश संवाददाता

काठमाण्डौं/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की सांसद आशिका तामाङलाई पार्टीले स्पष्टिकरण सोध्ने तयारी गरेको छ।

सामाजिक सञ्जालमा पार्टीको विषयमा विभिन्न टिका टिप्पणी गरेपछि उनलाई स्पष्टिक-रण सोध्ने तयारी भएको रास्वपाका एक नेताले जानकारी दिए।

शनिवारदेखि सुरू भएको पार्टीका सांसदहरूलाई संसदीय अभ्यास तथा नेतृत्व विकास प्रशिक्षण कार्यक्रमस्थलबारे पनि उनले सामाजिक सञ्जालमार्फत् टिप्पणी गरेकी छन्।

जावलाखेलको स्टाफ कलेजमा शनिवारदेखि रास्वपाको दुई दिने प्रशिक्षण कार्यक्रम सुरू भएको छ। आशिकाले सिंहदरबारभन्दा बाहिर कार्यक्रम राखिएकोप्रति सामाजिक सञ्जालमा असन्तुष्टि पोखेकी थिइन्।

“संसदहरूलाई प्रशिक्षण कार्यक्रम या अभिमुखीकरण कार्यक्रम गर्न फाइभ स्टार होटल नै या अरु बाहिर कसैसँग हल साप्दी लिएर गर्नुपर्ने कुनै बाध्यता पक्कै होइन होला ? सिंहदरबारमा त्यस्ता सभाहल कति छन् कति, बाहिर किन आखिर ? बाहिर दिनको कति खर्च लाग्छ त्यसको लेखाजोखा कसले गर्ने?,’ उनले भनेकी छन्, ‘कि सांसदहरूलाई सुरक्षाको लागि महँगा हलहरुमा कार्यक्रम गरिएको हो भने के एकदिन मात्र चाहिने हो सुरक्षा ? अरु दिन चाहिँ पर्दैन ? हामी आफै परिवर्तनको पक्षमा हिंडिरहँदा, फजुल खर्च नगर्ने भनेर बोलिरहँदा व्यवहा-रमा भने उही भने जस्तो भयो भने पुराना र हामी नयाँमा के फरक भयो त ?’ यसबारेमा उनलाई स्पष्टिकर सोध्न लागिएको एक नेताले बताएका छन्। आशिका धादिङ -१ बाट निर्वाचित सांसद हुन्।

मञ्जुश्रीका अध्यक्ष पक्राउ

काठमाडौं/सहकारी ठगीको आरोपमा मञ्जुश्री सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेडका अध्यक्ष नारायणप्रसाद घिमिरेलाई पक्राउ गरिएको छ।

सहकारीले बचतकर्तालाई चार वर्षदेखि पैसा फिर्ता नगरेको भनी बागमती प्रदेश सरकारको सहकारी मन्त्रालयमा उजुरी परेपछि सोही पत्रका आधारमा प्रहरी वृत्त बौद्धबाट खटिएको टोलीले शुक्रबार घिमिरेलाई पक्राउ गरेको हो।

आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिब २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुका घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।

सम्पर्क नम्बर : ९८४५१२३३६६

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय ब्लु हेवन टेलर्स सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको शाक्य प्लाजा मा सरेको जानकारी गराउंदछौं ।

सदाझै यहांहरुको माया र सदभाव पाईरहने आशासमेत गरेका छौं ।

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-१ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने